जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष ९ अंक ११, २०७७ साल मंसिर १२ गते शुक्रबार, नेपाल संवत् ११४१ (Nov. 27, 2020) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-


## नेपाललाई तीन स्वर्ण

काठमाडौं । पाकिस्तान गोजुरियो कराँते महासंघको आयोजनामा भएको ओपन २०२० वर्ल्ड वाइड इ-काता च्याम्पियनसिपमा नेपालले तीन स्वर्ण ५ रजत र २ कास्य पदक जितेको छ ।

नेपाली खेलाडी सञ्जु देशार, सविता गौतम र अनुभा मंग्रातीले नेपालका लागि स्वर्ण दिलाएका हुन् । सञ्जुले महिला १४ देखि १८ वर्ष एड्भान्स समूह, सुविताले १० वर्ष मुनि इन्टरमिडियट विधा र अनुभाले ११-१५ वर्ष इन्टरमिडियट विधा र अनुभाले ११-१४ वर्ष इन्टरमिडियट विधामा स्वर्ण **बाँकी ८ पेजमा**

## चिसो बढ्यो

काठमाडौं । पश्चिमी वायुको प्रभावका कारण देशभर चिसो बढेको छ । बुधबारदेखि बढेको चिसो आज शुक्रबारसम्म रहने र मौसम सफा हुँदै जाने मौसमविदहरूले जनाएका छन् । हल्का वर्ष हे हिमाली भागमा हिमपात हुन सक्ने मौसमविदको अनुमान छ ।

मौसमपूर्वानुमान महाशाखाले प्रदेश १, वाग्मती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशको उच्च पहाडी तथा हिमाली क्षेत्रका थोरै स्थानमा हल्का हिमपात हुनुका साथै पहाडी भूभागका एक दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको जनाएको छ । **बाँकी ८ पेजमा**

# सीमा विवादमा भारत प्रवेश गर्नै चाहेन

काठमाडौं । नेपाल र भारतबीच उच्च कूटनीतिक तहमा १५ महिनापछि हिजो औपचारिक वार्ता भएको छ । परराष्ट्र सचिव भरतराज पौडेल र भारतीय समकक्षी हर्षबर्द्धन श्रृंगला नेतृत्वमा प्रतिनिधि मण्डलबीच वार्ता भएको हो । तर यस वार्तामा सीमा विवाद र इपिजी प्रतिवेदनबारे कुनै चर्चा भएन । भारतीय पक्षले यी विषयलाई वार्ताको एजेन्डामै समावेश गरेन । यद्यपि नेपाली पक्षले कुरा उठाए पनि भारतीय पक्षले खासै चासो दिएन । भारत कुनै पनि हालतमा कालापानीमा आफ्ना सेनाको परेड रोक्ने पक्षमा देखिँदैन ।




अन्तर्राष्ट्रिय कूटनीति बडो चलायमान छ । अन्तर्राष्ट्रिय राजनीतिमा साना राष्ट्रहरूलाई रक्षात्मक मानिन्छ जसको विदेश नीतिको प्रमुख उद्देश्य ठूला शक्तिहबाट आफ्नो अखण्डता र स्वतन्त्रतामाथि आइपर्ने दबाबको प्रतिरोध गर्नुपर्ने हुन्छ । नेपाल जस्तो भूपरिवेष्ठित अझ भन्नुपर्दा भारत परिवेष्ठित राष्टरक्षात्मक मानिन्छ जसको विदेश नीतिको प्रमुख उद्देश्य ठूला शक्तिहबाट आफ्नो अखण्डता र स्वतन्त्रतामाथि आइपर्ने दबाबको प्रतिरोध गर्नुपर्ने हुन्छ । नेपाल जस्तो भूपरिवेष्ठित अझ भन्नुपर्दा भारत परिवेष्ठित राष्ट्रका लागि त्यस प्रकारको दबाब अझ बढी रहेको छ । स्वतन्त्र आन्तरिक स्वायत्तता नभई अन्य राष्ट्रहरूसँग सम्बन्ध राख्ने अधिकारसित सम्बन्धित रहेको र भारतमा ब्रिटिस सरकार रहँदासम्म नेपालको त्यो अधिकार बेलायत सरकारद्वारा कुण्ठित गरिएको भन्ने जवाहरलाल नेहरूले भारत स्वतन्त्र हुनासाथ आफूले बिना संकोच र विवाद सही अर्थमा नेपालको पूर्ण स्वतन्त्रता स्वीकार गरेको जिकिर गरेका छन् ।

तर वास्तवमा नेहरूको नेपाल नीति उनकै अभिव्यक्ति ठीक विपरीत रह्यो । नेहरू नेपालको विदेश नीतिमा मात्र नभई आन्तरिक मामलामा समेत अंकुश लगाउन चाहन्थे र दुई देशबीच कूटनीतिक सम्बन्ध स्थापना भएको प्रारम्भिक वर्षहरूमा बिना प्रतिरोध सफल पनि भए । जब प्रतिरोधको सामना गर्नुपऱ्यो तब आर्थिक नाकाबन्दी लगाएर होस् वा सरकार विरोधी तत्वलाइ उचालेर होस् दबाब दिने काम गरियो ।

नेहरूले अँगालेको नेपाल नीति त्यसपछिका अधिकांश भारतीय सरकारका लागि आदर्शका रुपमा रहँदै आएको छ । बेलाबखत कसैले नेपालको स्वतन्त्रतामाथि प्रश्न उठाउने गरेका छन् भने अझ कडा रुपमा प्रस्तुत भएर नेपालको अस्तित्वमाथि नै चेतावनी दिने गरेका छन् । सन् २०१५ को विनाशकारी भूकम्पको पीडाबाट उठ्न पनि नपाएको नेपाललाई अमानवीय नाकाबन्दी गरेको भारतले नेपालप्रति नेहरूभियन नीतिको निरन्तरता र रवैया प्रदर्शन गर्ने गरेको छ ।

शीतयुद्धको अवधिभर सन् १९६२ को चीनसँगको सीमायुद्धको पराजयपश्चात् र इन्दिरा गान्धीको उदय हुनुअघिको समय बीचमा मात्र नेपाल र भारतबीच सन्तुलित सम्बन्ध रहेको देखिन्छ । यस अवधिमा भारतसँगको सम्बन्धमा नेपालले धेरैभन्दा धेरै आर्थिक र राजनीतिक छुट र सुविधा प्राप्त गर्न सफल भएको थियो । त्यस्तै आफ्ना सर्तहरू स्वीकार गराउन नेपाललाई दबाब दिने मनसायले २०१५ को भारतीय नाकाबन्दीलाई भारतीय परराष्ट्र नीति विशेषज्ञहरूले गलत मानेका छन् । यस नाकाबन्दीले नेपालमा बढ्दै गएको चिनियाँ प्रभावलाई अझ बढी प्रोत्साहन मिलेको र साथसाथै अन्य साना दक्षिण एसियाली राष्ट्रमा समेत भारतको क्षेत्रीय दबदबाको खतरा प्रदर्शन भएको अन्तर्राष्ट्रिय सम्बन्ध विज्ञहरूको रहेको छ । यही कारण भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी नेपालप्रति केही नरम हुन बाध्य भएका थिए ।

दक्षिण एसियामा भारतको एकल प्रभुत्व रहेको खण्डमा नेपालजस्ता साना राष्ट्रहरू भारतको प्रतिबन्धको अधिनमा रहन बाध्य बताइन्छ । भारतको शक्ति सन्तुलन भएको अवस्थामा अथवा अन्य शक्तिहरूबाट भारतको क्षेत्रीय प्रभुत्वमा चुनौती आइपरेमा भारत आफ्ना छिमेकीहरूप्रति उदार हुन बाध्य हुन्छ । दक्षिण एसियाली क्षेत्रको शक्ति सन्तुलन परिवर्तनले भारतलाई यस क्षेत्रमा चिनियाँ प्रभाव कम गर्न छिमेक नीतिमा परिवर्तन गर्नुपर्ने बाध्यता देखिएको छ । दक्षिण एसियामा बढ्दै गएको चिनियाँ प्रभावले यस क्षेत्रमा फेरि शक्ति सतुलनमा तीव्र परिवर्तन ल्याएको छ । चिनियाँ प्रभाव कम गर्न नै मोदी सरकारले छिमेक पहिलो नीति अघि सारेको छ । साना राष्ट्रहरूसँग आर्थिक सहयोग, लगानी, व्यापार र कनेक्टिभिटी परियोजनाबाट आर्थिक संलग्नता बढाउन थालेको छ । दक्षिण एसियामा एकभन्दा बढी केन्द्रमा शक्ति विभाजित रहेमा साना राष्ट्रहरूको आन्तरिक समृद्धि, राष्ट्रिय सुरक्षा र स्वतन्त्रता सुदृढ हुने प्रबल सम्भावना छ । चीनको उपस्थितिले यस क्षेत्रमा भारतको एकल प्रभुत्व सन्तुलन गर्न मात्र होइन क्षेत्रीय राजनीतिमा नेपालजस्ता साना राष्ट्रहरूको प्रभाव र स्वायत्तता बढाउन **बाँकी ८ पेजमा**

## ३ खर्ब ६२ अर्ब व्यापार घाटा

काठमाडौं । चालु आर्थिक वर्षको कार्त्तिक मसान्त सम्ममा नेपालको वैदेशिक व्यापारमा ३ खर्ब ६२ अर्ब रूपैयाँ घाटा देखिएको छ । भन्सार विभागले सार्वजनिक गरेको तथ्यांकअनुसार साउनदेखि कात्तिकसम्ममा नेपाललाई उक्त रकम बराबरको व्यापार घाटा भएको हो । तर चालु आर्थिक वर्ष २०७७र७८ को पहिलो चार महिनामा ४ खर्ब रुपैयाँको वस्तु आयात भएको छ । यो अवधिमा निर्यातको आकडा भने मात्र ४० अर्ब रुपैयाँ रहेको छ ।

साउन देखी कात्तिकसम्म अघिल्लो आर्थिक वर्षको यसै अवधिको तुलनामा आयातमा केही गिरावट देखिएको छ । निर्यातमा भने सामान्य वृद्धि भएको छ । विभागका अनुसार चार महिनामा ४ खर्ब २ अर्ब ४९ करोड रुपैयाँ बराबरको वस्तु आयात भएको छ । यद्यपि, वैदेशिक व्यापारमा नेपालले बेहोरेको घाटामा निरन्तर सुधार हुँदै आएको विभागले जानकारी दिएको छ । यो वर्षको पहिलो चौमासिकमा गत वर्षको सोही अवधिको तुलनामा व्यापार घाटा ५२ अर्ब रूपैयाँ न्यून भएको देखिएको छ । यो नेपालको व्यापार घाटामा १२ दशमलव ४९ प्रतिशतको सुधार हो ।

विभागको तथ्यांकअनुसार चार महिनामा नेपालको निर्यात १० दशलमव ८१ प्रतिशतले बढेको छ । यस अवधिमा नेपालबाट ४० अर्ब २० करोड रूपैयाँको निर्यात भएको छ । गत वर्षको कात्तिक सम्ममा ३६ अर्ब २७ करोड रूपैयाँको निर्यात भएको थियो । चालु आवको पहिलो चार महिनामा नेपालबाट भटमासको प्रशोधित तेल र चियाको निकासी धेरै मात्रामा भएको तथ्यांक छ । जसले नेपालको निर्यात सूचकांक सुधार्न सहयोग गरिरहेको विभागको भनाइ छ ।

चालु आवको पहिलो महिनादेखि नै ओरालो लागेको आयात चार महिनासम्म पनि कायम छ । यस अवधिसम्म आइपुग्दा **बाँकी ८ पेजमा**

## भ्रष्टाचारमा नेपाल एसियामा फस्ट

काठमाडौं । ट्रान्सपरेन्सी इन्टरनेसनलले जारी गरेको ‘ग्लोबल करप्सन ब्यारोमिटर एसिया’ को प्रतिवेदनले देशको अवस्था चिन्ताजनक देखिएको छ । प्रतिवेदनअनुसार ५८ प्रतिशत नेपालीले पछिल्लो वर्ष नेपालमा भ्रष्टाचार बढेको बताएका छन् । यो दर मत सर्वेक्षणमा सहभागी एसियाका १७ देशमा सबैभन्दा उच्च हो । मुलुकमा भ्रष्टाचार बढेको भनेर महसुस गर्ने नागरिकको सूचीमा नेपाल एसियाका १६ मुलुकलाई उछिनेर ‘फस्ट’ बनेको छ । ट्रान्सपरेन्सी इन्टरनेसनलले सन् २०२० का लागि एसियाका १७ देशमा सर्वेक्षण गरेको थियो ।

सर्वेक्षणमा तपाईंलाई पछिल्लो एक वर्षमा मुलुकमा भ्रष्टाचार कस्तो छ भन्ने लाग्छ ? भन्ने प्रश्न सोधिएको थियो । सर्वेक्षणमा सहभागीमध्ये ५८ प्रतिशत नेपालीले एक वर्षमा भ्रष्टाचार बढ्दो क्रममा रहेको भनी जवाफ दिएका छन् । यो अरु १६ मुलुकको तुलनामा बढी हो । ट्रान्सपरेन्सी इन्टरनेसनलले सार्वजनिक गरेको प्रतिवेदन अनुसार नेपालपछि थाइल्यान्ड, माल्दिभ्स र श्रीलंका मुलुकमा भ्रष्टाचार बढ्दैछ भनी नागरिकले चिन्ता जनाएका छन् । भारतमा भने यो दर ४७ प्रतिशत मात्र छ । सबभन्दा कम कम्बोडियामा १२ प्रतिशतले भ्रष्टाचार बढ्दो क्रममा छ भनेका छन् । १७ मुलुकका औसत ३८ प्रतिशतले भ्रष्टाचार बढेको बताएका छन् ।

सर्वेक्षणमा बंगलादेश, कम्बोडिया, चीन, भारत, इन्डोनेसिया, जापान, मलेसिया, माल्दिभ्स, मंगोलिया, म्यान्मार, नेपाल, फिलिपिन्स, दक्षिण कोरिया, श्रीलंका, ताइवान, थाइल्याण्ड र भियतनाम १७ मुलुक सहभागी थिए । कम्बोडिया र म्यान्मार बाहेकका सबै मुलुकमा सरकार नै भ्रष्टाचारमा संलग्न छ भनेर सोच्ने नागरिकको हिस्सा आधाभन्दा बढी छ । सर्वेक्षणमा सहभागी नेपालीहरूको ५० प्रतिशतले प्रधानमन्त्री अर्थात् मुलुकको सरकार प्रमुख भ्रष्टाचारमा संलग्न रहेको महसुस गरेका छन् । ४३ प्रतिशतले सांसद र सरकारी कर्मचारीलाई भ्रष्ट देखेका छन् । स्थानीय तहका अधिकारीहरूलाई भ्रष्ट देख्नेहरू ४० प्रतिशत छन् । त्यसपछि प्रहरी, न्यायाधीश, क्षेत्रीय नेता, गैरसरकारी संस्था, व्यापारी बैंक र सैनिक अधिकारीहरू भ्रष्टाचारमा संलग्न रहेको सर्वेक्षणको नतिजामा देखिन्छ ।

नेपालका ८४ प्रतिशत जनताले भ्रष्टाचार देशको **बाँकी ८ पेजमा**

## फुटबलका जादुगर म्याराडोना रहेनन्



काठमाडौं । अजेन्टिनाका महान् फुटबलर डिएगो म्याराडोनाको हृदयाघातका कारण ६० वर्षको उमेरमा बुधबार निधन भएको छ । अर्जेन्टिनालाई सन् १९८६ मा विश्वकपको उपाधि दिलाएका म्याराडोनाको ब्युनर्स आयर्सस्थित आफ्नै निवासमा **बाँकी ८ पेजमा**

## उपत्यकामा वायु प्रदूषण डरलाग्दो

काठमाडौं । धुलाम्य सडक, फोहोर र प्लास्टिक जलाउँदा अनि सवारीसाधनबाट निस्किने धुवाँलगायतले राजधानीमा प्रदूषण डरलाग्दो रूपमा बढ्दै गएको वातावरणविदहरूले बताएका छन् ।

प्रदूषित हावामा हुने स-साना कण मानव स्वास्थ्यका लागि हानिकारक मानिन्छन् । काठमाडौंको वायुमा त्यस्ता कणको मात्रा मापदण्डभन्दा पाँच गुणा बढीसम्म रहेको विज्ञहरू बताउँछन् ।

वातावरण विभागले बर्सेनि एक सयभन्दा बढी उद्योग, कलकारखाना र सहरी क्षेत्रको प्रदूषणको अवस्था अनुगमन र निरीक्षण गर्दै आएको छ । यसपटक पनि विभागले दुई सातासम्म सडकमा गरेको अनुगमनले डिजेलबाट चल्ने ७७ प्रतिशत सवारीसाधनले मापदण्डभन्दा बढी धुवाँ फाल्ने गरेको तथ्य सार्वजनिक भएको छ ।

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) का अनुसार **बाँकी ८ पेजमा**

## ‘स्टेप ओभर’ भ्रमणमा चिनियाँ रक्षामन्त्री



काठमाडौं । भारतीय विदेश सचिव हर्षबर्द्धन श्रृंगला नयाँदिल्ली फर्किएको दुई दिनपछि आइतबार चिनियाँ रक्षामन्त्री जनरल वेइ फेङ्गे औपचारिक भ्रमणमा नेपाल आउँदैछन् । उनको भ्रमण सार्वजनिक भएको छैन तर एक दिने भ्रमणका लागि परराष्ट्र मन्त्रालय रक्षा मन्त्रालय र जंगी अड्डाले तयारी गरिरहेका छन् । नेपाल भ्रमणपछि चिनियाँ रक्षामन्त्री बंगलादेश जाने कार्यक्रम छ । कोरोना संक्रमणको महामारीपछि नेपाल आउन लागेका उनी सबैभन्दा वरिष्ठ चिनियाँ अधिकारी हुन् ।

पछिल्लो समयमा नेपालमा आफ्नो प्रभाव विस्तार गर्न भारत र चीनबीच होडबाजी चल्न थालेको कूटनीतिक विश्लेषकहरू बताउँछन् । भारतीय विदेश सचिवको काठमाडौं आगमन र चिनियाँ रक्षामन्त्रीको औपचारिक नेपाल भ्रमण संयोग मात्र हुन नसक्ने उनीहरूको बुझाइ छ । भारतीय नाकाबन्दीपछि नेपाल चीनको नजिक पुगेको र त्यसले भारतको हित नगर्ने भारतीय विदेश मामला जानकारले बताउँदै आएका छन् । भारत नेपालमा बढ्दो चिनियाँ प्रभावलाई रोक्न आफ्नो कूटनीतिक सक्रियता बढाउन थालेको छ । गलवान घाटीमा मनोबल गिरेको मोदी सरकार **बाँकी ८ पेजमा**

## नेकपा कुशासनतर्फ तीव्र रूपमा अघि बढ्दै

**समय-सन्दर्भ**



**पूर्ण ओली (पूर्वमहासेनानी)**

२०४६ सालपछि आएको बहुदलीय व्यवस्था आएपछि नेपाली कांग्रेसको सरकारले छोटो समयमै कुशासनतर्फ लम्किँदा देशमा भ्रष्टाचार अत्यधिक बढेर गयो । प्रशासन प्रहरीमा राजनीतिकरण बढ्न थाल्यो । त्यसैले प्रहरी प्रसासनलगायतका कर्मचारीहरू जुन जिल्लामा छन् त्यही जिल्लाका सत्तासिन दलका नेताका चाकडीमा लागेर फाइदा लिन थाले । खासगरी निर्वाचनको समयमा सरकारमा भएको दलका नेतालाई सघाउने र उनीहरूबाट फाइदा लिन थालियो । माथिल्लो निकायमा पनि ठूलठूला भ्रष्टाचारका काण्डहरू शुरु भए । व्यापारी र तस्करको रजगज बढेर गयो । देशमा भएका महत्वपूर्ण राष्ट्रिय उद्योगहरू जुन प्रायः स्वदेशकै कच्चापदार्थमा निर्भर थिए कौडिका मूल्यमा बेचियो । बाँकी रहेका उद्योगहरूमा असक्षम राजनीतिक व्यक्ति नियुक्त गरिँदा सम्पूर्ण उद्योगहरू धरासायी बनाइयो । यसबाट हजारौंको रोजगार गुम्यो । परिणामस्वरुप धेरै युवाहरू विदेसिन बाध्य भए । यसैको परिणामस्वरुप देशमा विद्रोह जन्मियो । जसको मार देशले लामो समयसम्म भोग्नुपऱ्यो ।

अत्यन्त अलोकप्रिय भएको नेपाली काँग्रेसपछि आएको नेकपाको सरकारले यी गल्तीहरूबाट सिकेर सुधार गर्दै देशमा सुशासन दिएर देशलाई अग्रगामी कदम चाल्नुपर्ने थियो । तर जनताले सोचेभन्दा ठिक उल्टो रुपमा सरकार चल्न थाल्यो । देशको माथिल्लो निकाय संसदबाट राम्रो कार्यको थालनी गरेर सरकारलाई सुशासनको लागि दबाब दिनुपर्नेमा त्यसको ठिक उल्टो कार्य शुरु गरियो । सरकारले सांसद विकास कोषको नाममा करोडौं रुपियाँ सांसदलाई वितरण गरियो । जुन रकम सांसदले चाहेका ठाउँमा यसको दुरुपयोग गर्दा यसको प्रतिफल जनताले पाएनन् । प्रमुख रुपमा डोजरे विकास भनी अनियन्त्रित रुपमा बिना योजना जतासुकै डोजर चलाएर सडकको नाममा वातावरण बिगारेर पहिरो जाने बनाइयो । कतिपयले आफ्ना जग्गाहरूमा जाने बाटो बनाइएका खबर पनि सुनिए । सरकार मितव्ययी बन्नुपर्नेमा फजुल र अनुत्पादक संस्थामा खर्च गर्न थालियो । सत्ता जोगाउने बहानामा निजी प्रतिष्ठानको नाममा करोडौ खर्च गर्ने काम पनि यो सरकारबाट हुनथालेपछि जनता झन् निरास हुनथालेका **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
**सम्पादक/प्रकाशक**
**सुरेन्द्रप्रसाद ढकाल**

**कार्यकारी सम्पादक** तेजेन्द्र प्रसाईं
**प्रबन्ध सम्पादक** कृष्णराज दुलाल
**प्रबन्ध निर्देशक** किरण थापा
**अतिथि सम्पादक** विष्णु भट्टराई
**सहसम्पादक** घनश्याम ओली
**बजार व्यवस्थापन** रामशरण रिमाल
**सम्पादन सहयोगी** गोविन्द विक

**आजीवन सल्लाहकार**
योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्र(ाचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

# त्यसै पञ्चायत आएको होइन रहेछ



**सुरेन्द्र ढकाल**

**आजका नेताहरूको आर्थिक अवस्था २०४६ अगाडि मगन्तेको रूपको चप्पल छापे थियो । राजनीतिलाई भ्रष्टाचार र कमिसनतन्त्रको माध्यमबाट कमाउने भाडो बनाइ सम्भ्रान्त बन्न पुगेका नेताहरूको सम्पत्ति राष्ट्रियकरण गर्न अब सडक नै तात्नुपर्ने भएको छ ।**

२००७ सालको क्रान्तिपछि चुनाव हुन नसक्नु अनि २०१५ सालमा चुनावपछि ठूलो बहुमतका साथ आएको सरकारलाई दुई वर्षमा नै अपदस्थ गरी राजा महेन्द्रले सत्ता हातमा लिनु अनि २०१९ मा पंचायती संविधान जारी गर्न सफल हुनुको पछाडि राजनीतिक दलका नेता भनाउँदाहरूको राष्ट्रघात, भ्रष्ट प्रवृत्ति, असक्षमता, पदलोलुपता र राज्यआतंक रहेछ भन्ने कुरा अहिलेको राजनीतिक परिदृश्य हेर्दा स्पष्ट हुन्छ ।

भारतलाई आधार इलाका बनाएर नेपालको राजनीतिमा हावी हुन चाहने कांग्रेसलाई भारतबाट पलायन पारिदिने गरी राजा महेन्द्रले सन् १९६५ मा भारतसँग गोप्य सैनिक सम्झौता गरी नेपालको रक्षा मामला भारतलाई सुम्पेका रहेछन् ।

२०४६ सालमा यसै गोप्य सन्धिलाई उल्लंघन गरी राजा वीरेन्द्रले चीनसँग हातहतियार किनेको र नेपाललाई शान्तिक्षेत्र बनाउने प्रस्ताव राखेको कारण मात्रै भारत रुष्ट भएर आन्दोलनकारीहरूलाई सहयोग गर्दा पंचायत ढल्न गएको रहेछ । अन्यथा बाबुकै भारत नीति फलो गरेको भए आजसम्म पनि नेपालमा पंचायत व्यवस्था नै टिक्ने रहेछ । २००७ देखि ०१७, ०४६ र ०६३ मा जति आन्दोलन भई व्यवस्था परिवर्तन भए त्यसमा भारतको प्रत्यक्ष हात हुनुको पछाडि नेपालमा राष्ट्रवादी, सक्षम, सदाचारी नेता नभएकै कारणले हो भन्नुपर्ने हुन्छ । २०४७ सालको चुनावमा नेपाली जनताले गरी खाओन त भनेर कांग्रेसलाई स्पष्ट बहुमत दिएकै थिए तर त्यो बहुमतलाई कांग्रेसले ३ वर्ष पनि थेगेन । अहिलेको गणतान्त्रिक प्रजातन्त्रमा पनि जनताले नेकपा भनाउँदो समूहलाई ठूलै बहुमत दिएकै हो । खै त ? यसले पनि थेग्न नसक्ने स्थिति स्पष्ट देखिँदैछ ।

भ्रष्टचार, राष्ट्रघात, राज्य आतंक, पदलोलुपताको कारण आफ्नै सरकार विरुद्ध पार्टी पंक्ति खडा हुनु अनि पार्टीलाई लत्याई सरकार चाहीँ सर्वसत्तावादी बनी विपक्षसँग मिलेर सरकार बनाइ पार्टी फोड्न उद्दत हुनुले दलीय व्यवस्थाभित्र निर्दलीय चरित्र हावी भएको स्पष्टै देखिन्छ । यो लडाइँ सिद्धान्त, विचार, पद्धतिको होइन, फगत पदलोलुपताको हो । लाभको पद धारण गरी सात पुस्तालाई पुग्ने गरी कमाउने नेपालका नेता भनाउँदाहरूको प्रवृत्ति नै भएको हुँदा भ्रष्टाचार संस्थागत हुन पुगेको छ । अझ ट्रान्सपरेन्सी इन्टरनेसनले यस पटक जारी गरेको प्रतिवेदनमा भ्रष्टाचारमा नेपालका प्रधानमन्त्री केपी शर्मा ओलीको नामसमेत उल्लेख गरेको छ । यसबाट नेपाल एसियामै पहिलो भ्रष्टाचार गर्ने मुलुक ठहरिएको छ ।

दलाल नोकरशाही पुँजीवाद हावी छ अनि जनताको जनजीविका ओझेलमा पर्न पुग्दा केही नलागी जनताहरू राजा गुहार्न थालेका छन् । बुटवल, पोखरा जनकपुर आदि अन्य शहरमा भएका राजावादी प्रदर्शनले गणतन्त्रलाई गिज्याइरहँदा समेत गणतान्त्रिक नेता भनाउँदाहरू छिनाझपटीमा ब्यस्त रहनुले प्रजातन्त्रको खिल्ली उडिरहेको छ । आजका नेताहरूको आर्थिक अवस्था २०४६ अगाडि मगन्तेको रुपको चप्पल छापे थियो । राजनीतिलाई भ्रष्टाचार र कमिसनतन्त्रको माध्यमबाट कमाउने भाडो बनाइ सम्भ्रान्त बन्न पुगेका नेताहरूको सम्पत्ति राष्ट्रियकरण गर्न अब सडक नै तात्नुपर्ने भएको छ । यस्तै यस्तै कारणले गर्दा राजा महेन्द्रले कू गरेका रहेछन् । त्यसै पंचायत आएको होइन रहेछ ।

# सम्पादकीय

## बाटो बिराएको सरकार

'काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिर' भन्ने नेपाली उखान धेरै प्रयोग हुने उखान मध्येमा पर्छ । गर्नुपर्ने महत्वपूर्ण विषयका कार्यहरू एकातर्फ त्यत्तिकै छाडेर अर्कोतर्फ लाग्नेहरूका लागि प्रयोग हुने यो उखान अहिले नेकपा, सरकार र नेताहरूमा स्पष्ट रूपले लागू भएको देखिन्छ । राजनीतिक अस्थिरताले ग्रस्त बनेको मुलुकमा दुईतिहाई मतको समर्थनमा कम्युनिस्ट नेतृत्वको सरकार बन्दा मुलुकले एउटा सही दिशा लिने विश्वास आम जनमानसमा बढेको थियो । तर यो विश्वास लामो समय टिकेन सरकारका भ्रष्ट क्रियाकलाप, नेताको उत्ताउलो बोली, जनताका समस्याप्रतिको बेवास्ता जस्ता कुराले सरकारको लोकप्रियताको पारो निरन्तर ओर्लिन थाल्यो । सरकारले जनविश्वास गुमाइरहेकै अवस्थामा नेकपाभित्र देखिएको जुँगाको लडाइँले गर्दा अब पार्टी नै फुटको संघारमा पुगेको छ भने सरकारको भविष्य अन्योलको भुमरीमा फसेको छ । सरकारको नेतृत्व गरेका प्रधानमन्त्री प्रतिपक्षी दलका नेतासँग सहकार्यको गुहार माग्न पुग्नुले पनि सरकारको भविष्यबारे सहजै अनुमान लगाउन सकिन्छ ।

भारतले गरेको नाकाबन्दीको समयमा राष्ट्रवादी अडान प्रस्तुत गरेर लोकप्रियताको चुचुरो चढ्न सफल बनेका केपी ओलीले दुईतिहाई मतको सदुपयोग गर्ने मामिलामा भने नराम्रोसँग चुक्न पुगे । यो सरकारले गरेको सबैभन्दा राम्रो काम नेपालको कालापानी क्षेत्र समेटेर जारी गरेको चुच्चे नक्सालाई लिने गरिन्छ । त्यही पनि विद्यालयको पाठ्यक्रममा राख्न खुट्टा कमाएकाले गर्दा सरकारको नियतमा जनताले प्रश्न उठाइरहेका छन् । सरकार विश्वव्यापी रूपमा फैलिएको कोभिड १९ को माहामारी व्यवस्थापन कार्यमा नराम्रोसँग चुक्यो । रोग र भोकले आक्रान्त जनतालाई राहत पुयाउनको साटो औषधि, उपकरण खरिदमा अर्बौं भ्रष्टाचारको काण्ड घटाएर सरकार नांगो रूपमा प्रस्तुत भयो । वाइडबडी विमान खरिद काण्ड, बालुवाटारको जग्गा काण्ड, यति समूहलाई मलुकभरका जग्गा लिजमा दिने काण्डमा राम्रैसँग खुइलिएको सरकारले सेक्युरिटी प्रेस खरिदमा मन्त्रीले गरेको ७० करोड कमिसनको डिलिङ ढाकछोप गरेर सरकार भ्रष्टाचारको पृष्ठपोषक रहेको प्रमाण प्रस्तुत गऱ्यो ।

प्रधानमन्त्री केपी ओली बारम्बार भन्ने गर्छन्– 'म आफू पनि भ्रष्टाचार गर्दिन र अरूलाई पनि गर्न दिन्न भनेर, तर उनको यो उद्गार झूटो सावित भइसकेको छ । माथिदेखि तलसम्म अर्थात् केन्द्र प्रदेश हुँदै स्थानीय तहसम्म भ्रष्टाचार राम्ररी मौलाएका घटना मिडियाले छताछुल्ल पारि नै रहेका छन् । नयाँ मिडियाको रूपमा रहेको सामाजिक सञ्जालका प्रयोगकर्ताले त सरकारको उछित्तो काडी नै रहेका छन् । तर जति गाली गरे पनि जतिसुकै राम्रा सुझाव दिए पनि सरकार सच्चिनुको सट्टा अझै बिग्रेर गएपछि आजित भएका जनताले भीरबाट लड्न लागेको सरकारलाई राम भन्न छोडिसकेका छन् । बरू अब मुलुकको राजनीतिक भविष्यले कुन मोड लिन हो भनेर जनता नियालिरहेका छन् । बगेको खोला फर्किंदैन मौका आउँछ पर्खिंदैन भनेझैं यस्तो राम्रो मौका केपी र नेकपालाई सायदै आउला ।

# सरकारको फजुल खर्च कटौती हुनुपर्दछ



**गोविन्द विक**

कोरोना संक्रमण तिव्र फैलिइरहेका बेला सरकारले सक्नेले आफै उपचार गर्नु पर्ने र नसक्नेलाई सरकारले गर्ने भन्ने निर्णय गरेसँगै संक्रमितहरू थप समस्यामा पर्न थालेको खबरहरू बाहिर आइरहेका छन । सरकारको यो गैरजिम्मेवारपूर्ण निर्णयले आमनागारिकमानिरासा छाएको छ । महामारीको समयमाआमनागरिकको विकल्पभनेको सरकार मात्रै हो । नागारिकलाईमाहामारीबाट मुक्त गराउने दायित्व सरकारको हो । तर यो जनताको अधिकार कुन्ठीन बनाउनमा नै रमाइरहेको छ । सरकारले कोरोनाको उपचारमाशुल्कलिने भनेपछि कतिपयनिजी अस्पतालहरूले विभिन्नवहानाबनाएर निमुखानागारिकबाट मोटो रुकमअसुल्नथालेका छन । अस्पतालहरूले संक्रमितहरूसँग उपचारको लागि धरौटी रकममागगर्न थालेपछि कतिपय संक्रमितहरू अस्पतालै नगइ घरमै मृत्यु कुरेर बसिरहेका छन । कोरोना परिक्षण तथाउपचारमाशुल्कलिने निर्णय भएपछि धेरै मानिसहरू परिक्षणै नगरी घरमै बस्नथालेका छन । कोरोना लक्षण देखिएपनि परिक्षण गर्न नजानेहरूको ठूलो भिड समाजमा बढदैछ । यसले कोरोना संक्रमणको जोखिमदिनदिनै बढीरहेको सरकारलाई पत्तै छैन । कोरोना परिक्षण र संक्रमितको स्वास्थ्यउपचार निशुल्कगर्नु भन्ने सर्वोच्चअदालतको आदेशलाई समेत सरकारले मानेको छैन । संविधानमा नै स्वास्थ्यशिक्षानिशुल्कगर्ने भनिएको छ । सरकारले यसरी जनताको स्वास्थ्यमा खेलबाड गरी कोरोनाउपचारको शुल्कलिने निर्णय गर्नु कुनैपनि हिसाववबाट तर्कसंगतहुदैन । यसले सरकारप्रतिजनतालाई थप चिडाएको छ । पहुँचहुनेहरूको लागिकोरोना परिक्षण गर्न तत्कालउपचार पाउनकुनै समस्या नै छैन । पहुँचहुनेहरूकालागि एकैजना मान्छेको पनिकयौ पटक कोरोना परिक्षण निशुल्कहुने गरेको थुप्रै उदाहरणहरू हामीले नबुझेका छैनौ । तर पहुँचनहुनेहरू निमुखा सर्वसाधारण जनताकालागि परिक्षण पनिहुदैन उपचार पनिहुदैन छटपटाएर मर्नुको विकल्प छैन ।

सरकारले उपचार गर्न नसक्ने भनेर स्वघोषणा गरको अवस्थामा सरकारले गर्छ भनेपनि अस्पतालहरूले त्यसको कार्यान्वयन गरेका छैनन । म विपन्नहुँभनेर सरकारलाई चिनाउनु पर्ने यसको मापदन्ड के हो ? केकाआधारमाविपन्नभन्ने ?त्यसको मापदन्ड सरकारसँग छैन । यस्तो अवस्थामानिमुखाजनतालाई विपन्नताको सिफारिस बनाउनथप झनजट सरकारले बनाइदियो । सर्वसाधारण जनता यो दुनिया नाटकमा अलमलिनु भन्दा परिक्षणै नगरी बस्ने परिक्षण गरेर कोरोना देखिएपनि घरमै बस्ने गरेका छन । नेताले चाहीउपचारमा स्व घोषण गर्न किननमिल्ने ? के उनीहरूलाई चाहीखाना रुचेन भनेपनि राज्यको पैसा खर्च गरेर उपचार गर्न विदेश सयर गराउनु पर्ने यस्तो माहामारी पनिजनताको उपचार गर्न चाही पैसा नहुने । यसरी सरकारले जनताप्रतिको रबैया मच्चाइरहदापनिकुनैपनि राजनैतिकदलहरूले विरोध नगर्नुको रहस्या के छ ?अहिले प्रमुखप्रतिपक्षदलकांग्रेसले आफ्ना नेताकोरोना संक्रमण हुँदाविदेश लगेर भएपनिउपचार गर्नकालागिप्रधानमन्त्रीलाई हारगुहार गरेका समाचारहरू बाहिर आइरहेका छन । तर सरकारले जनतालाई कोरोनाको उपचार आफै गर्नु भन्ने निर्णय गर्दा कानमा तेल हालेर बस्यो । आफना नेता संक्रमितहुँदाचाही राज्यको खर्चबाट सरकारले उपचार गरिदिनु पर्ने तर निमुखाजनताको उपचार चाहीनिशुल्कगर्नुपर्छ सरकारले कोरोना परिक्षण तथाउपचारको शुल्कलिने निर्णय गर्नु गलतहो भने किनआवाज उठेन ?हुन त त्यसैपनि जनताबाट लखेटिएर सत्ताको थुक निल्दै बसेको भएर पनिहुन सक्छ सरकारको रबैयामा रमिते बनेको । नेताले चाही स्वाघोषण गर्नु नपर्ने जनताले चाही स्वाघोषणा गर्नु पर्ने यो तानासाहीप्रवृत्तिको हिसावकितावजनताले पक्कै पनि समय आएपछि गर्ने नै छन । समय सधै आफनो दाउमानहुन सक्छ अर्काको दाउमा समय गयो भने आफूपनि फेरी उहीहो । सरकारले जनताको उपचार कटौतीगर्ने हैन नेताको उपचार कटौतीगर्ने हो । तलबभत्ता कटौतीगर्ने कारपेट विच्छयाउने खर्च कटौतीगर्ने हो । मन्त्रीका गाडी खरिदको खर्च कटौतीगर्ने हो । सांसदको भत्ता कटौतीगर्ने हो । राष्ट्रप्रमुख सरकार प्रमुखको भत्ताअन्यफजुलगर्च कटौतीगर्ने हो ठूला ठूला सभाहल र भियु टावर बनाउने खर्च कटौतीगर्ने हो । उच्चतहका आठ दशजना नेताहरूको चार भागमा एक भागको पनिआदिभागखर्च उठाउने हो भने ३ करोड जनताको उपचार गरेर पनि पैसा बच्न सक्छ ।जनतालाईभेडा नै ठानेपनियति कुरा चाहीमज्जाले बुझेका छन जनताले । जनताको आखामा पट्टी लगाउनखोज्ने सरकारले बुझनु पर्दछ फेरी पनिचुनावजितेर मात्रमोज गर्न पाइन्छ भनेर । जाडो त एक माघले मात्रजादैन । त्यसैले सरकारले कोरोना माहामारीमा अत्तालिएका जनताहरूको उपचार तथा परिक्षणमा शुल्क नलिनेबारे पुनर्विचार गरेर जनताप्रति सदासयता देखाउन जरुरी छ । कोरोना त आउँछ जान्छ तर जनताको मत सधैं चाहिन्छ ।

# नेपालमा भारतीय विस्तारवाद र त्यसका दिर्घकालिन समस्याहरू-१३



सुदर्शन प्रधान

**द्वितीय - महिलावर्गको समस्या**

- सतीप्रथा जस्तो घोर अपराधपूर्ण प्रथाबाट गुज्रेको हिन्दु सम्प्रदायमा जनसंख्याको पुरा आधा आवादी ओगटेको महिलावर्ग आर्थीक, सांस्कृतिक र सामाजिक रुपले अझै पनि धेरै उत्पिडनमा छन् । छोरीहरूको भ्रुणहत्या, दहेज प्रथा, बहुविवाह, बुर्का प्रथाहरू अझै पनि जिवन्त छन् ।

सचेत, संगठीत र संघर्षशील बनि सबै प्रकारका महिला उत्पिडन र शोषणको अन्त गर्न उनिहरू जागरुक बन्न पर्छ अनि न्याय, समानता र स्वतन्त्रताका हिमायती सम्पूर्ण पुरुष वर्गले पनि उनिहरूलाई साथ सहयोग गर्न पर्छ । परिवारमा आर्थिक अधिकार र विवाह पश्चात पुरुष र महिला दुवैको घरमा नवसी बिचमा बस्ने पद्यतीले महिलाको जीवनमा ठूलो परिवर्तन ल्याउने छ । बरु विविध खालका वृद्धाश्रमहरू व्यापक बनाउनुपर्छ र शिशु स्याहार केन्द्रहरू पनि । यो युग महिलामुक्ति क्रान्तिको युग हो । त्यसवारे ऐतिहासिक, सैद्धान्तिक, दार्शनिक रुपले निरन्तर व्याख्या र विश्लेषण हुदैं आईरहेछ । अव उनिहरू पहाड पर्वतहरू उक्लदै, अजङ्गका खोलानदीहरू तर्दै, घना जंगलहरू छिचाल्दै र भीर पाखा पखेराहरूमा लड्दै भीड्दै व्यूह रचना गरि समाज र संसारलाई उज्वल पथमा दोहोर्याउन हिम्मत गर्न परेको छ । छापामा देखीने दुर्गा, लक्ष्मी, सरश्वती, काली, महाकाली, भगवतीहरूका तस्वीर देखेर मख्ख हैन कि वास्तविक व्यवहारको रणभुमीमा उत्रेर ति स्वरुपहरू ग्रहण गर्न पर्छ । अनि समाज र संसार भरिका अनेकौं रुपका दानवहरूलाई परास्त गर्न पर्छ । हो, दन्त्यकथाका राक्षसहरू भन्दा हजारौं गुण भयानक र भिमकाय दैत्यहरूपनि छन्, यो सुन्दरसंसारमा । जसका क्रियाकलापले र गतिविधिहरूले यो संसारको मानव समाज र सभ्यता चरम संकटमा छ, भीरको डिलमा छ । तिनलाई तह लगाउन र यो पृथ्वीको चिरकालसम्म संरक्षण गर्न विश्वभरी आमाहरूको नेतृत्वमा आंधीवेरी ल्याउन, बाढी झै उर्लेर सम्पूर्ण धर्तीद्रोही, मानवद्रोही विचार र मूल्यमान्यताहरू बगाउन, दशरेक्टरको भुकम्पले पृथ्वी डगमगाए झै यो विश्वव्यापी पितृसत्तालाई पतन तुल्याई मातृसत्ता स्थापना गर्नै पर्छ । त्यो सक्छ कि सक्दैन ? हेर त, त्यो ईतिहासको रंगमञ्चमा के छ ? तर तत्कालको हकमा नेपाली महिलाहरूको लागी नेपाल राष्ट्रको अखण्डता र कालापानीको सवाल छ । दक्षिण पूर्वी एसियाको सवालमा यहाँको हिन्दु, मुश्लीम, बौद्धीस्त, क्रिस्चीयन धार्मीक सम्प्रदायहरूका महिलाहरूका मुक्ति र परिश्रमी वर्गका जनताको मुक्तिको सवाल सामुन्नेमा छ । अव दाँयाबाँया कतै नहेरी मैदानमा कुद्नुपर्छ ।

**तृतीय - दलित जातिको समस्या**

नेपालमा झण्डै ३९ लाख दलित जातीका जनता छन् र भारतमा झण्डै २० करोड, झण्डै ३००० वर्ष अघी भारतको हिन्दु सम्प्रदायमा "जनतालाई फुटाउँ र राज्य चलाउ" मानसिकताबाट त्यहाँका ब्राह्मण ऋषीमूनीहरूले प्रतिपादन गरेको र राजा महाराजाहरूले सेना लगाएर कार्यान्वयन गरेको यो प्रथा सतीप्रथा जस्तै कलकींत प्रथा हो । युरोप भ्रमणमा भारतका राजाहरूले महिलाहरू श्रीमानको निधन पश्चात पुन अर्को विवाह गरि राम्ररी बसेको फेरी छोराछोरी जन्माएर हुर्काएको देखेपछि भारतमा सतीप्रथा अन्त गर्न पर्छ भनेर सुरु भएको थियो र नेपालमा त्यसैको सिको गर्दै वि.सं. १९७२ देखी राणाहरूले सतीप्रथा अन्त गरेको हो ।

तर नेपाल र भारतका दलित जाती अझैसम्म मुक्त हुन सकेनन्, अनेकौं कागजी कानुन बने पनि व्यवहारमा छुवाछुतका अवशेषहरू बग्रेल्टी छन् । जबसम्म विवाहवारी र भोजभत्तेर पूर्णरुपले समान र स्वतन्त्ररुपले हुन सक्दैनन् तवसम्म दलित जातीको मुक्ती भएको मान्न सकिन्न ।

(क्रमशः)

## मैले देखेको १४५ औं विश्व सम्पदा

# देल्हीको कुतुव परिसर र मिनार

सुरेन्द्र ढकाल


बाहिरबाट हेर्दा कुतुव मिनार यस्तो देखिन्छ


भग्नावशेषबीच कुतुव मिनारको दृश्य

नोभेम्बर ९ का दिन लालकिल्ला अवलोकनमा बिताएपछि नोभेम्बर १० का दिन हामी कुतुव मिनार अवलोकन गर्ने उद्देश्यले बिहानै १० बजेतिर त्यहाँ पुग्यौं । हामीलाई त्यस दिन पनि हाम्री तिब्बती मित्र पेल्डोनले साथ दिएकी थिइन् ।

**कुतुव मिनार**

यो एउटा विजयस्मारक टावर (धरहरा वा मिनार) रहेछ । युनेस्कोको विश्व सम्पदा सूचीमा रहेको यो मिनारको अग्लाइ ७२ दशमलव ५ मिटर रहेछ । कुतुव परिसरमा ठडिएको हुँदा यसलाई कुतुव मिनार भनिदो रहेछ । मात्र इँटाले बनेको संसारकै अग्लो टावरको रुपमा विश्व प्रसिद्ध भएको कारण यहाँ पर्यटकहरूको राम्रै भीड लाग्दो रहेछ । टावरको भुइँ तलाबाट ३७९ खुडकिलो चढेर टावरको टुप्पामा पुगिने गरी घुमाउरो भऱ्याङ रहेछ । यस मिनारको जगको गोलाइ भने १४ दशमलव ३ मिटरको रहेछ ।


इतिहास खोतल्दा लालकोटको पुरातात्विक भग्नावशेष स्थलमा यस मिनार पहिलो तल्लाको निर्माण सन् ११९९ मा घोरका महमदका प्रतिनिधि कुतुव उद्धिन अैवकले गरेका रहेछन । जो महमदको मृत्युपश्चात देल्हीका सुल्तान बनेका रहेछन् । बाँकी तीन तला यिनका उतराधिकारी समसुद्धिन इल्तुतमिसले निर्माण गरेका रहेछन् ।


सन् १३६९ मा परेको चट्याङले यस मिनारको माथिल्लो तल्लालाई क्षति पुग्न गएको रहेछ । पछि फिरोज शाह तुगलकको पालामा यसको जिर्णोद्धार गरिएको रहेछ । त्यसै मौकामा मिनारमा अर्को एक तल्ला पनि थपिएको रहेछ । मिनारका नाम कुतुव रहनुको पछाडि कि त यसका निर्माणकर्ता कुतुव उद्धिन अैवकको नामबाट आएको कि त समसुद्धिन इलतुतमिसका गुरु सन्त कुतुवद्धिन वख्तियार काकीको नामबाट आएको हुन सक्ने बताइँदो रहेछ ।

यस मिनार चारैतिरबाट विभिन्न बेलाका विभिन्न ऐतिहासिक स्मारकहरूबाट घेरिएको रहेछ । यसै परिसरमा मिनारको उत्तरपूर्वमा कुवत उल इस्लाम नामक कुतुव उद्धिन अैवकले बनाएको मस्जिद पनि रहेछ । उनले यस मस्जिद बनाउने क्रममा त्यहाँ रहेका २७ वटा हिन्दु र जैन मन्दिरहरू भत्काएको कुरा कुतुव परिसरको मुख्य प्रवेशद्वारमा रहेको सिलालेखमा उल्लेख गरिएको रहेछ । त्यही परिसरमा एक फलामको चौथौं शताब्दिको एक स्तम्भ पनि रहेछ जस्मा संस्कृत र ब्राम्ही लिपिमा त्यतिबेलाका शक्तिशाली राजा चन्द्रले विष्णुध्वजको स्मरणमा सो स्तम्भ खडा गरेको कुरा उल्लेख भएको रहेछ ।

पछि फेरि सन् १५०५ मा आएको भूकम्पले मिनारलाई क्षति पुऱ्याएको रहेछ जस्को मर्मत सिकन्दर लोदिले गर्न लगाएका रहेछन । त्यसै गरी सन १८०३ को सेप्टेम्वर १ मा आएको अर्को भूकम्पले मिनारलाइ नराम्ररी क्षति पुऱ्याएको रहेछ जस्को मर्मत कार्य ब्रिटिस इण्डियन आर्मीका मेजर रवर्ट स्मिथले सन १८२८ मा गर्न लगाएका रहेछन् । सोही बेलामा मिनारमा छैठौ तला थपिएको रहेछ । यस मिनारको वास्तु शैलीको कुरा गर्दा यसलाई फारसी अरवी शैलीको मिनार मानिदो रहेछ । तलको तीनतला फुस्रो रातो चुनले इटा जोडिएको रहेछ । चौथो तला सादा सिंहमरमरले र पाँचौं तला भने सिहमरमर र चुनढुंगाले बनेको रहेछ । मिनार बनेपछि पछि गएर ढल्कन शुरु गरेको र सो ढल्काइ ६५ सेन्टिमिटरभन्दा बढी नभएको कारण खतरापूर्ण नभएको बताइदो रहेछ ।

सन १९७६ अगाडि सम्म मिनारको पहिलो तलासम्म भित्रको भऱ्याङबाट जाने पर्यटकहरूलाई अनुमति रहेछ । मिनारको टुप्पासम्म जान सन २००० सम्म खुला गरिएको तर त्यहाँ गई हामफालेर आत्महत्या गर्ने प्रवृत्ति बढेको कारण बन्द गरिएको रहेछ । सन १९८१ को डिसेम्बर ४ तारिखको दिन अकस्मात बिजुली बत्ती निभ्दा ४०० देखि ५०० पर्यटकहरू बाहिर निस्कन तँछाड र मछाड गर्दा ४७ जनाको मृत्यु अरु धेरै घाइते भएका रहेछन् । मर्नेहरूमा बढी स्कुले विद्यार्थीहरू परेका रहेछन् । त्यसबेलादेखि मिनारको प्रवेशमा रोक लगाइएको रहेछ । हामीले पनि मिनारलाई बाहिरबाटै अवलोकन गऱ्यौं र कुतुव परिसरमा दुई घण्टा जति बिताइ त्यताबाट देल्ही गेट अवलोकन गर्न त्यतातर्फ लाग्यौं ।


मिनार परिसरमा रहेका भग्नावशेषहरू



कुतुव मिनारअगाडि सुरेन्द्र ढकाल नोभेम्बर २००३ मा


मिनारमा कुँदिएका कलाहरू


मिनार परिसरमा तिब्बती महिला मित्र पेल्डनका साथ सुरेन्द्र


कुतुव मिनार परिसरमा पर्यटकहरू

# ३८. आप्रवासन विषयक सम्मेलन




■ शम्भुराम श्रेष्ठ

भारतमा इन्दिरा गान्धीको तानाशाही चलिरहेको बेला थियो। नेपाललाई शान्ति क्षेत्र घोषणा गरियोस् भन्ने नेपालको प्रस्तावलाई विश्वका बहुसंख्यक मुलुकहरूबाट समर्थन प्राप्त भइरहेको थियो जुन कुरा इन्दिरा गान्धीलाई विल्कुलै मन परेको थिएन। अतः एउटा आमसभामा भाषण दिने क्रममा उनले रिसको झोँकमा नेपाललाई तर्साउने हिसाबले नेपालको तराई प्रदेशमा भारतीय मूलका मधेसीहरू नेपालको कुल जनसंख्याको ४० प्रतिशतभन्दा बढी छन् र आवश्यकता परेको खण्डमा भारतले तिनीहरूलाई परिचालन गर्न सक्छ भनी बोलेकी थिइन्।

नेपाल र भारतको बीचमा खुला सिमाना रहेको र सन् १९५० को नेपाल-भारत सन्धिअनुसार भारतीय नागरिकहरू बेरोकटोक नेपालमा प्रवेश गर्न, बस्न सक्ने भएको हुनाले नेपालमा आप्रवासनको समस्या एकदमै चर्किंदै जटिल हुँदै गइरहेको थियो। यो समस्यालाई समाधान नगरी नहुने भएको थियो। त्यस समय नेपालमा चन्द सरकार चलिरहेको थियो। आप्रवासनको यही समस्यालाई महसुस गरेर चन्द सरकारले भूपू प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाको अध्यक्षतामा आपवासन समस्याबारे विस्तृत छलफल गरी त्यससम्बन्धी आवश्यक नीति निर्माण गर्ने उद्देश्यले 'आप्रवासन सम्मेलन आयोजक समिति' गठन गरेको थियो र त्यसको एक प्रभावाशली सदस्य गोविन्दप्रसाद लोहनी थिए र एक दिन गोविन्दजी उपरोक्त सम्मेलनमा सहभागी हुन आमन्त्रण पत्र लिएर मकहाँ आउनुभयो।

आप्रवासन विषयक सम्मेलन गर्नु आवश्यक र राम्रो भएकाले उनलाई आफू पनि सहभागी हुन तयार भएको बताएँ। बाहिरबाट सम्मेलनको तयारी हुँदै थियो भने भित्रभित्रै आफू स्वयं नै आयोजक समितिको अध्यक्ष भए तापनि ऋषिकेश शाह र चुडाप्रसाद शर्मासँगसँगै भारतीय राजदूतको उक्साइमा मातृकाप्रसाद कोइराला अझै पनि आप्रवासन सम्मेलन बिथोल्ने काममा लागेको बुझिएको थियो। सम्मेलन सुरु हुने दिन नजिक आएपछि एकाएक मातृकाप्रसाद कोइरालाले आयोजक समितिको अध्यक्ष पदबाट राजीनामा दिए। आयोजक समिति स्वतः विघटन भयो। सम्मेलन नहुने भयो। यसरी सम्मेलन बिथोलिएपछि अत्तालिएर गोविन्दप्रसाद लोहनी मकहाँ आउनुभयो र भन्न थाल्नुभयो- 'अब के गर्ने ?' उनलाई मैले भने- 'अर्को आयोजक समिति गठन गर्ने' त्यो त तपाईंले कोसिस गर्नुभयो भने मात्र सम्भव हुन्छ।' उनले भने। अनि मैले गोविन्दजीलाई आफ्नो तर्फबाट सक्दो कोसिस गर्नेछु भनी आश्वासन दिएँ। त्यसको भोलिपल्ट मैले कमलराज रेग्मीलाई बोलाइपठाएँ। उनी मकहाँ आए।

आप्रवासन सम्मेलनको आवश्यकता र त्यसलाई मातृकाप्रसादहरूले बिथोलेको बारेमा अवगत गराएँ र प्रधानमन्त्री चन्दसँग भेट्ने कुरा मिलाउन उनलाई आग्रह गरेँ। अनि कमलराजले 'आप्रवासन सम्मेलन हुन सक्छ वा सक्दैन त्यसबारे म यसै भनेर भन्न सक्दिन तर भोलि नै म प्रधानमन्त्रीसँग तपाईंले भेट्न चाहनुभएको छ भनेर खबर पठाउँला। उनका जवाफ आएपछि तपाईंलाई खबर गरुँला भनी भने। एक दुई दिनमै कमलराजले प्रधानमन्त्री चन्दसँग भेट्ने समय मिलाएर मलाई खबर गरे। साँझ ७ वा ७:३० बजेतिर कमलराज र म प्रधानमन्त्री निवास बालुवाटार पुग्यौं।

मातृकाप्रसादले ऐन मौकामा धोका दिएकोबारे प्रधानमन्त्री चन्दले एकदमै गुनासो गरे। सबै कुरा मिलिसकेपछि आप्रवासन सम्मेलन हुन नसकेको उनी एकदमी निराश भएका थिए। मैले उनलाई सान्त्वना दिँदै भने- अगाडिको आयोजना फेल भए अर्को आयोजना गर्नुपर्छ। विल्कुलै आवश्यक सम्झेर सम्मेलनको ायोजना गर्नुभएको भए एउटा प्रयास फेल हुँदैमा निराशिनु हुँदैन। अर्को आयोजक समिति गठन गरेर चाँडोभन्दा चाँडो सम्मेलन गराउनुपर्छ। म पनि सक्दो सहयोग गर्छु।' मैले त्यति भनेपछि प्रधानमन्त्री चन्द अर्को आयोजक समिति गठन गर्न राजी हुनुभयो। रातको साढे दश बजिसकेको थियो। हामीहरू घर फर्क्यौं।

केही दिनपछि नै आप्रवासन विषयक बृहत् सम्मेलनको निम्ति अर्को आयोजक समिति गठन भयो। त्यसको तत्वावधानमा तीन दिनसम्म लाजिम्पाटस्थित शंकर होटलमा आप्रवासन विषयक सम्मेलन भयो।

सम्मेलनमा झन्डै आधा जति सहभागी तराईका मधेसिया नेपालीहरू थिए। प्रतिबन्धित राजनीतिक पार्टीहरूबाट कुनै पनि सहभागी भएनन्, नेपाल कम्युनिस्ट जमातबाट म मात्रै थिएँ, मानौं आप्रवासनको जस्तो गहन समस्यासँग ती पार्टीहरूको सरोकार थिएन अथवा भनौं पञ्चायती सरकारले आयोजना गरेको हुँदा त्यो सम्मेलन नै अछुत थियो। जहाँ जनसमुदायहरू हुन्छन्, त्यहाँ कम्युनिस्टहरूको उपस्थिति हुनैपर्छ भन्ने महान कामरेड लेनिनको शिक्षा थियो।

सम्मेलनमा मैले राणा शासनदेखि हालको पञ्चायती सरकारसम्मले पनि तराईका मधेसिया नेपालीहरूलाई दोस्रो दर्जाका नागरिक सरह पक्षपातपूर्ण व्यवहार गरिआएको कुराको कडा विरोध गरेको थिएँ। आदिवासी मधेसिया नेपालीहरूमध्ये आधाभन्दा बढ्ता खेतहीन किसान भएकाले तिनीहरूको नाउँमा जग्गा जमिन नहुनु विल्कुलै स्वाभाविक थियो तर तिनीहरूको नाउँमा जग्गा जमिन नभएकै कारणले तिनीहरूलाई नेपालको नागरिकताबाट वञ्चित राख्न विल्कुलै अन्याय हो। त्यति मात्रै होइन २०२१ सालमा भूमि सुधारको दौरानमा जमिनदारहरू र भ्रष्ट कर्मचारीतन्त्रको मिलोमतोमा सम्पूर्ण तराई क्षेत्रमा ६० हजार बिगाहा जमिन हदभन्दा बढी निस्किएको देखाइएको थियो र त्यही हदभन्दा बढी अतिरिक्त निस्केको ६० हजार बिगाहा जमिनमध्ये एक धुरी जमिनसम्म पनि मधेसिया गरिब तथा खेतहीन किसानहरूमा वितरण गरिएन र बेपत्ता पारियो। पूर्व पश्चिम राजमार्ग निर्माणको दौरान राजमार्ग वरिपरिको जंगल फडानी गरी पहाडिया नेपालीहरूलाई मात्रै घर घडेरी दिई नयाँ बस्तीहरू बसालिए तर मधेसिया नेपालीहरूमध्ये एउटै परिवारलाई पनि घरघडेरी दिइएन। यो पनि कम पक्षपातपूर्ण व्यवहार थिएन। नेपाली र नेपालीकै बीचमा यस हदसम्मको पक्षपात गर्नु अत्यन्तै निन्दनीय कुरा हो।

यी सबै अन्यायको विरुद्ध मैले सशक्त आवाज उठाएको थिएँ। सम्मेलनमा एकमतले नेपाल प्रवेश गर्दा भारतीय नागरिकहरूले प्रवेश कार्ड प्रस्तुत गर्नुपर्ने र नेपालमा काम गर्न आउने भारतीय नागरिकहरूले वर्क पर्मिट लिएर मात्र प्रवेश गर्नुपर्ने व्यवस्था गरियोस् र भूस्वामित्व कागजात नभए तापनि बच्चा मधेसिया नेपालीलाई यथाशीघ्र नागरिकता प्रदान गरियोस् भन्ने प्रस्तावहरू पास भएका थिए। तर ती पास भएका प्रस्तावहरूलाई पञ्चायती सरकारले कहिल्यै कार्यान्वयन गरेन। पञ्चायती सरकारको यो भित्रै देखिको कमजोरी हो। गर्छु भन्नु एउटा कुरा हो, गर्नु विल्कुलै अर्को।

कविता

## मन

महल ठूलो नभए पनि मेरो
सानो झुपडीको बास थियो
तर पनि तिमी फर्की झुपडीमा
आउँछौ कि भन्ने आश थियो।

भन्न त भन्थ्यौ तिमीले
प्रेमिल जीवन सँगै बिताउँला
त्यसैले त टाढा भए पनि
हाम्रो सम्बन्ध खास थियो।

तिम्रै यादमा कयौं पटक
परेली रुझाएँ मैले
अस्तव्यस्त जीवन भए पनि
मजबुर मन सुल्झाएँ मैले।
महल ठूलो नभए पनि मेरो
सानो झुपडीको बास थियो।



● सञ्जु ओली
(दोलखा)

## तड्पाइमा मान्छेहरू

दुःख र पीडा नभएको मान्छे भेटिएन
नमीठो ठेस नलागेको मान्छे भेटिएन
चोटै चोट खाएर पनि जिन्दगीभर
सफलताको शिखरतिर नधाएको मान्छे भेटिएन
खुसी नै कहाँ लेखे भगवानले
आँसुको धारा नझारेको मान्छे भेटिएन
सुख पर्दा सम्झना पनि नगर्नेहरू
दुःखपर्दा मन्दिर नगएको मान्छे भेटिएन।

## एक कथा रे

बिक्न खोज्दै छ रे प्यारमा मान्छे
वस्तु जस्तै बजारमा मान्छे!!
पस्दै छ रे उ मुस्कान खोज्न मुग्लानतिर
आँसु झारेर यात्रामा रुँदै छ रे एक मान्छे!!
दुःख र व्यथा लुकाउदै छ रे मान्छे
फुल जस्तै त्यो मुहारमा पनि मान्छे!!
त्यो कपडाको मुल्य के नै छ र यहाँ
हुन्छ ठूलो, बिचार र मनले मान्छे !!

# गुर्जोका औषधीय गुण



नेपालमा धेरै ठाउँमा घर वरिपरि वा गमलामा रोपेर नियमित प्रयोग गर्न सकिने लहरे जडिबुटी गुर्जोले अमृत समान काम गर्छ। यसको लहरा लामो समयसम्म सुक्दैन। यसको प्रयोग मात्रा मिलाएर गर्नुपर्छ नत्र शरीरलाई हानि पुऱ्याउँछ।

**गुर्जो सेवन गर्ने विधि**

- ताजा गुर्जोको लहरा १० देखि ३० ग्राम सिलौटो, खल वा मिक्स्चरमा पिसेर पानी राखी उमाल्ने आवश्यकता अनुसार अन्य जडिबुटी तथा मसला पनि संगै उमाली रस छान्ने। त्यसपछि १ चम्चा मह वा मिश्री मिलाएर नियमित विहान पिउने।
- सामान्य अवस्थाको रोगी वा निरोगी व्यक्तिले तल दिइएको विभि अनुसार गुर्जोको सेवन गर्न सकिन्छ। तर व्यक्तिको उमेर र रोगको अवस्था अनुसार फरक मात्रा र विधिबाट प्रयोग गर्नुपर्दछ। अनुभवी वैद्य वा आयुर्वेदिक डाक्टारको सल्लाह अनुसार प्रयोग गर्नाले पूर्ण रुपमा लाभ पाउन सकिन्छ।
- बेलुकी पिसेर पानि मिलाएर राख्दा विहान भाँडोको पिंधमा सेतो मिश्रीको धुलो जस्तो सेतो गिलोय सत जमेको हुन्छ। त्यस सतलाई मात्र खाए पनि हुन्छ।
- हप्तामा १–२ पटक मात्र गुर्जोको जुस पिउन सकेमा पनि धेरै लाभ मिल्छ।
- टुक्रा बनाएर सुपारी जस्तै चपाउँदै खान पनि सकिन्छ।
- सुकेको गुर्जोको धुलो ४ देखि १० ग्राम १ चम्चा मह वा मिश्री तातो पानीमा मिलाएर विहान बेलुका सेवन गर्ने।
- ताजा गुर्जोको सेवनले कम्तीमा ३/४ महिना भित्र शरीरमा अद्भुत परिवर्तन ल्याउँछ।

**गुर्जोको फाइदाहरू**

■ यसले जन्डिस, कलेजोको कमजोरी र विकारलाई हटाउँदछ।
■ युरिक एसिड तथा वाथ र जोर्नी दुखाइको समस्याहरूमा गुर्जो लाभकारी छ।
■ गुर्जो शितल गुण भएकोले यसले गर्मीबाट टाउको दुखेको, आँखा, पिसाब, पैताला, हात९ खुट्टा तथा जीउ पोलेको र पुरानो ज्वरोलाई अत्यन्तै उपयोगी छ।
■ किड्नीको दुर्बलता तथा फोहोर विकारलाई हटाएर पिसाब सम्बन्धि सम्पुर्ण समस्या/रोग हरूमा धेरै लाभ पुऱ्याउँछ।
■ गुर्जोले इन्सुलिन उत्पादनमा सहयोग गरी मधुमेहमा लाभ पुऱ्याउँछ।
■ गुर्जो सबै किसीमका रोगी र निरोगीले पनि प्रयोग गर्न सकिने जडिबुटी खुराक पनि हो।।
■ रक्तविकार रगतको फोहोर खराबी हटाउँदछ साथै रक्तअल्पता रगतको कमी हुन दिँदैन्।
■ अम्लपित्त -अमिलो पानी मुखमा आउने र पेट पोल्ने उल्टी आउने बिरामीलाई निकै उपयोगी छ।
■ टि.बी. (क्षयरोग) का किटाणुहरूलाई समेत गुर्जोले रोक्ने काम गर्दछ।
■ गुर्जो इम्युन पावर बढाउन अत्यन्तै उपयोगी छ। त्यसैले गुर्जोले कोरोना, स्वाइन फ्लु, वर्ड फ्लु, डेंगु, भाइरस, जिवाणु किटाणु तथा विषाणुहरूलाई समेत रोक्ने साथै लड्ने क्षमता बढाउँछ।
■ उच्च रक्तचापको रोगीलाई पनि यसले धेरै फाइदा पुऱ्याउँछ।
■ गुर्जोको प्रयोगले मुटुलाई बलियो बनाई मुटु सम्बन्धि रोगमा फाइदा गर्दछ।

**ध्यान दिनु पर्ने कुराहरू**

○ चिसो लागेको र संवेदनशील तथा कमजोर (जीर्ण) अवस्थाका विरामीले उमालेर छानेर सेवन गर्नु पर्दछ।

○ प्रेसर लो छ भने हरियो बोक्रा फालेर मह, मिश्री, सखर वा बिरेनुन मिलाएर आधा मात्रा खानुपर्छ।

○ गर्भवती, दुधपान गराइरहेकी आमा, ५ वर्षमुनिका बच्चा, पखाला लागेका बिरामीले यसको प्रयोग गर्नु हुँदैन।

कथा

# बुद्धि ठूलो कि भैंसी

■ छत्रपति फुयाल

हाम्रो समाजमा एउटा उखान प्रचलित छ– 'बुद्धि ठूलो कि भैँसी ठूलो'। यसो हेर्दा त हामीलाई भैँसी नै ठूलो लाग्छ। त्यो नदेखिने बुद्धि के ठूलो ? आज म यसै विषयमा कथा सुनाउँदैछु। हेरौँ न त बुद्धि ठूलो रहेछ कि भैँसी।

एकादेशमा एकजना प्रतापी राजा राज्य गर्थे। राजाको सेना निकै ठूलो थियो। आफ्नो समृद्धि र सैन्य शक्तिले गर्दा धेरैजसो छरछिमेकी देशलाई आफ्नो अधीनमा पारिसकेको थियो। तर एउटा सानो निर्बल छिमेकी राज्यलाई जित्न बाँकी थियो। राजा त्यो सानो राज्यलाई पनि आफ्नो अधीनमा पार्न चाहन्थे।

आखिर एक दिन राजाले आफ्नो दूतलाई सानो राज्यमा पठाए। दूत, सानो राज्यका राजालाई कि साहसी ठूलो राजाको अधीनता स्वीकार गर कि लडाइँका लागि तयार होऊ भन्ने सन्देश सुनाएर फर्के। अर्को दिन सानो राजाले ठूलो राजालाई एक सप्ताहको समय मागे। ठूला राजाले एक सप्ताहको समय दिए।

अर्को दिन सानो राज्यमा ठूलो सभा भयो। अब ठूलो राज्यसँग लडाइँ गर्ने कि उसको अधीनता स्वीकार गर्ने भन्ने प्रश्नमा छलफल भइरहेको थियो। कसैले यसै भन्न सकेको थिएन किनभने ठूलो राज्यलाई लडाइँमा जित्न गाह्रो थियो। स्वतः हार मानी अधीनता स्वीकार गरौँ भने पनि लाछिमा गनिने। फेरि हार स्वीकार्दा ठूलो राज्यलाई धेरै पैसा करको रूपमा तिर्नुपर्ने। यसो गर्दा पनि नहुने उसो गर्दा पनि नहुने सबै चिन्तित थिए।

यत्तिकैमा एकजना वृद्धले बाहुबलले युद्ध जित्न नसके बुद्धिबलले भएपनि युद्ध जित्नुपर्ने आशय प्रकट गरे। वृद्ध राज्यका बुद्धिमान्मध्येमा गनिन्थे। त्यसै वृद्धको कुरामा विश्वास गरेर सबैले कुनै अचुक उपाय सोच्न सहमति जनाए। सबैको सहमति पाएपछि वृद्धले भने– "युद्ध गर्दा दुवै राज्यका नागरिक मर्छन्। धन सम्पत्तिको नोक्सान हुन्छ। त्यसैले छिमेकी राज्यसँग सैनिक युद्ध नगरी भैँसी युद्ध गर्नु उचित हुन्छ। युद्ध मैदानमा हाम्रा तर्फबाट एउटा राँगो र उनीहरूका तर्फबाट एउटा राँगोबीच जुधाइ हुनेछ। लडाइँमा हाम्रो राँगो मर्‍यो भने हामी अधीनता स्वीकार गर्छौँ। उनीहरूको राँगो मर्‍यो भने हामी सधैंका लागि स्वतन्त्र रहन्छौँ। हामीमाथि कहिल्यै पनि आक्रमण गर्ने अधिकार ठूलो राज्यलाई हुनेछैन।

वृद्धको कुरा सुनेर सबै छक्क परे। वृद्ध बुद्धिमान् भएकाले धेरैले विश्वास गरे तरपनि एकजनाले सोध्यो– "हजुरबा ! यदि हाम्रो राँगो मर्‍यो भने नि !" वृद्धले जवाफ दिए– "हाम्रो राँगोले अवश्य जित्छ। यो अभिभारा ममाथि छोडिदिनुहोस्। म सबै मिलाउँछु। अँ बरु जतिसक्यो यो सन्देश ठूलो राज्यको राजाकहाँ पठाइयोस्।"

वृद्धको आग्रहअनुसारको सन्देश अर्को राज्यमा पठाइयो। उताका राजाले पनि भैगो युद्ध गर्दागर्दा निकै थकित भइएको थियो। फेरि युद्धमा धनजनको क्षति पनि हुन्छ। ठीकै छ यो झन् सजिलो उपाय निक्लियो। युद्ध जित्ने भनेर ढुक्क भए। उनले आफ्नो राज्यभरि ढोल पिटेर सबभन्दा राम्रो, बलियो र जुधारु राँगो झिकाउने सहमति जनाएर सन्देश पठाए। युद्धको तिथिमिति तोकियो। अन्ततः एकदिन जिउँसो दुवै देशको सिमानामा पर्ने ठूलो मैदानमा राँगो जुधाइ युद्ध हेर्न दुवै देशका जनता, सैनिक र कर्मचारी भेला भए। मध्य दिउँसो वातावरण तातेपछि युद्ध मैदानको एक एक छेउमा दुवै देशका सैनिकहरू आआफ्नो राँगो लिएर निस्के।

ठूलो राज्यको राँगो बडाबडा सिङ र डरलाग्दो जिउडाल भएको थियो। राँगोलाई सैनिकहरूले समातेका थिए। राँगो भने फाँ फाँ फूँ फूँ गर्दै अगाडि खुट्टाले भुइँ खोस्रँदै डुक्रँदै थियो। भैँसीको राँगो निकै डरलाग्दो थियो। विशालकाय राँगो र त्यसको बल देखेर ठूलो राज्यका राजा, जनता, सैनिक र कर्मचारी खुसी भएर ताली पिटिरहेका थिए। त्यत्तिकैमा सानो राज्यका सैनिक पनि आफ्नो राँगो लिएर युद्धमैदानमा आए। उपस्थित दर्शकहरू सानो राज्यको राँगो देखेर छक्क परे। उता ठूलो राज्यतर्फका दर्शक र राजा त ताली पिटेर गलल हाँसे। ठूलो राजाले भने– "होइन यी साना राज्यका मान्छे त महामूर्ख पो रहेछन्। एक त भैँसी युद्धको प्रस्ताव राखे, त्यसमा पनि आज तीन-चार महिनाको 'पाडो' लिएर युद्धमैदानमा आए।" राजाको कुरा सुनेर महामन्त्रीले राजाको कुरामा सही थपे। उता सानो राज्यतर्फका दर्शक भने गम्भीर थिए।

युद्धमैदानको बीचमा दुवै राँगा ल्याइयो। निर्णायकले युद्ध सुरु भएको सङ्केत गर्दै सिठी बजाए। युद्धसुरु भयो। ठूलो राँगो फूँ फूँ गर्दै अघि बढ्यो। उतासानो देशको राँगो (पाडो) पनि कराउँदै उफ्रेर अगाडि बढ्यो। सबैले घमासान युद्धको कल्पना गरे। पाडो राँगोले ठूलो राँगाको पछाडिपट्टिबाट आक्रमण गर्न खोजिरहेको थियो। ठूलो राँगो भने फाँ फाँ फूँ फूँ गर्दै पछाडि फर्केर प्रतिवाद गर्दै थियो। सानो बच्चो राँगोले ठूलो राँगोको टाङमुनि छिरेर बजाएर एक-दुई सिङ हान्यो। ठूलो राँगोले पनि सानो राँगोलाई एक लात्ती हान्यो। ऊ चित् भएर पछारियो। तर उसले हार मानेन, फेरि उठेर टाङमुनि नै आक्रमण गर्‍यो। अहिले भने सानो राँगोले तीन-चार सिङ ठूलो राँगोको टाङमुनि हान्यो। यो आक्रमणले ठूलो राँगो निकै लरखरायो। उसले प्रतिवाद गर्न सकेन। हेर्दाहेर्दै ठूलो राँगो फनन घुमेर पछारियो। तैपनि सानो राँगोले छोडेन, उसले पुनः ठूलो राँगोको टाङमुनि आक्रमण गरिर्‍यो। अन्ततः ठूलो राँगो उठ्न सकेन, एकैछिनमा ठूलो राँगो मर्‍यो। निर्णायकले सानो राँगोलाई विजयी घोषित गरे। सर्तअनुसार सानो र ठूलो देशबीच अनाक्रमण र भ्रातृत्वको सन्धि गरियो। यस घटनापछि ठूलो राज्यले सानो राज्यमाथि कहिल्यै आक्रमण गरेन।

युद्ध सकिए पनि त्यति सानो पाडो (राँगो) ले कसरी त्यत्रो ठूलो राँगोलाई मार्‍यो यो प्रश्नको उत्तर शत्रुपक्ष त के सानो राज्यकै आम जनताले पनि बुझेका थिएनन्। रहस्य यस्तो थियो– युद्ध सुरु हुनुभन्दा एक दिन अघिदेखि नै त्यो सानो पाडो (राँगो) लाई उसको 'माउ' को दूध खान नदिई भोकै राखिएको थियो। युद्ध हुने दिन त्यो पाडो भोकले व्याकुल थियो। उसका सिङमा तिखातिखा फलामका टोप्रा ठोकी त्यसमा विष राखिएको थियो। दुई दिनदेखि आमाको दूध खान नपाएको पाडोले ठूलो राँगोलाई आफ्नो आमा सम्झेर भैँसीको फाँचो हुने ठाउँतिर मुख लान्थ्यो, दूध खान खोज्थ्यो। ठूलो राँगो भने पाडाको भाषा बुझी लजाएर उफ्रन्थ्यो। भोको पाडाले माउको दूध खान खोजेको दृश्यलाई दर्शक र शत्रु पक्षका राजाले साँच्चैको लडाइँ भन्ठानेका थिए। यसरी नै पाडोले राँगोलाई आमा सम्झेर दूध खान खोज्दा ठूलो राँगोको पेटमा विष लागेको पाडोको सिङले घोच्थ्यो। अन्त्यमा विषको प्रभावले ठूलो राँगो मरेको थियो।

युद्धमैदानबाट फर्केपछि त्यो भोको पाडोको सिङबाट विषका टोप्रा झिकेर उसकी आमा भए ठाउँ लगियो। उसलाई भरपेट आमाको दूध खुवाइयो। पाडो अघाएपछि उसलाई फूलको माला र रातो अबीर लगाएर राजधानीभरि घुमाइयो। राजधानीका नागरिकले पाडोलाई रातो टीका र माला लगाइदिएर सगुन खुवाए। राजाले पनि भैँसीलाई त्यस देशको राष्ट्रिय जनावर घोषणा गरे। त्यस देशका राजा र जनताले भैँसी युद्ध गर्न सल्लाह दिने वृद्धलाई राष्ट्रपुरुषको रूपमा सम्मान गरे। आज ती वृद्धपुरुषले बुद्धि ठूलो कि भैँसी ठूलो भन्ने उखानको पुष्ट्याइँ गरेका थिए र सबैले भैँसीभन्दा बुद्धि नै ठूलो रहेछ, बुद्धिले गर्दा नै त्यत्रो ठूलो राँगोलाई तीन-चार महिनाको पाडोले पछारेको थियो भन्ने बुझे। सबै सुखसँग बसे।

# डोनाल्ड ट्रम्पका चार वर्षे कार्यकालका उपलब्धि



विष्णु भट्टराई

अन्ततः अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले शान्तिपूर्ण रुपमा सत्ता हस्तान्तरण गर्ने बताएका छन्। नवनिर्वाचित राष्ट्रपति जो वाइडेनलाई ट्रम्पको यस कदमले अन्तरिम सरकार निर्माणमा बाटो खोलिदिएको छ। निर्वाचनमा धाँधली भयो भन्दै निर्वाचन परिणामलाई अस्वीकार गर्दै आएका ट्रम्पले विभिन्न राज्यका मतगणना बदर गर्दै पुनः गणना गर्न अदालतको ढोका ढक्ढक्याए पनि प्रयास बेकार भयो। ट्रम्पको याचिकालाई अदालतले खारेज गरिदिएपछि ट्रम्प अप्ठ्यारोमा परे।

यता डेमोक्र्याटहरूले रिपब्लिकनहरूलाई मतपरिणाम सहज रुपमा स्वीकार गर्दै लोकतन्त्रलाई बहाल राख्न अनुरोध गर्दै आए। ट्रम्पले कतै सत्ता छोड्दैनन् कि भन्ने अमेरिकीलगायत विश्वका मानिसहरूले शंका गरिरहेका थिए। तर ट्रम्पले आफू सत्ता हस्तान्तरण गर्न तयार रहेको बताएपछि उनले आफ्नो लोकतान्त्रिक छविलाई जोगाएका छन्।

सन् १९४६ जुन १४ मा अमेरिकाको न्युयोर्क सहरस्थित क्विन्समा जन्मेका डोनाल्ड ट्रम्पले पेन्सलभेनिया विश्वविद्यालयको वार्टन स्कुलबाट अर्थशास्त्रमा स्नातक डिग्री प्राप्त गरेका छन्। ट्रम्पको राजनीतिक स्थितिलाई जनवादी, संरक्षणवादी, अलगवादी र राष्ट्रवादी भनेर वर्णन गरिएको छ। सन् २०१६ मा रिपब्लिकन पार्टीको तर्फबाट राष्ट्रपति पदको उम्मेद्वार बनेका उनी डेमोक्रेटिक उम्मेदवार हिलारी क्लिन्टनलाई पराजित गर्दै अमेरिकाको ४५औं राष्ट्रपतिमा निर्वाचित हुन सफल भएका थिए।

ट्रम्पले हालसम्म तीन वटा बिहे गरिसकेका छन्। उनको पहिलो विवाह इवाना (पूर्व ओलम्पिक खेलाडी) सँग सन् १९७७ मा भएको भएको थियो, त्यसपछि सन् १९९३ मा मार्ला (अभिनेत्री) सँग लगनगाँठो कसे भने सन् १९९९ मा मार्लासँग सम्बन्ध विच्छेद गरेपश्चात सन् २००५ मा मेलानिया (मोडल) सँग विवाह गरेका थिए। उनको पहिलो पत्नीबाट डोनाल्ड ट्रम्प जुनियर, इवांका ट्रम्प र एरिक ट्रम्प, दोस्रो पत्नी मार्लाबाट टिफनी ट्रम्प र तेस्रो पत्नी मेलानियाबाट विलियम ट्रम्प नाम गरेको बच्चाहरू गरी जम्मा पाँच सन्तानका बाबु बनेका ट्रम्पको सुनौलो कपालको निकै चर्चा हुने गरेको छ।

सन् १९७३ मा ट्रम्प घर जगगासम्बन्धी व्यवसाय गर्ने 'ट्रम्प अर्गनाइजेसन' का मालिक थिए। साथै उनी टेलिभिजन व्यक्तित्व, लेखकका रूपमासमेत स्थापित भए।

ट्रम्पले रक्सी नपिए पनि सन् २००६ मा आफ्नै भोड्का बजारमा ल्याएका थिए। सन्काहा स्वभावका ट्रम्पले २०११ मा भोड्काको व्यापार बन्द गरेका थिए।

२०१६ मा फोर्ब्स म्यागजिनले जनाए अनुसार उनी अमेरिकाकै सर्वाधिक धनीको सूचीमा १५६औं स्थानमा थिए भने संसारमै ३२४औं स्थानमा थिए। उनको कुल सम्पत्ति करिब ३ दशमलव ७ अर्ब डलर रहेको फोर्ब्स ले सन् २०१६ मा अनुमान गरेको थियो।

ट्रम्प एक कुशल लेखक पनि हुन्। उनले १४ भन्दा बढी पुस्तक लेखेका छन्। उनको पहिलो पुस्तक 'आर्ट अफ डिल' एक व्यावसायिक सफल पुस्तक मानिन्छ।

ट्रम्पले आफ्नो कार्यकालमा चालेका कदमहरू के के छन् त ?

१. कोभिड-१९ को विश्वव्यापी महामारीलाई हटाउन राष्ट्रपति ट्रम्पले दोस्रो विश्वयुद्धपछि सबैभन्दा ठूलो राष्ट्रिय परिचालन सुरू गरे। ट्रम्प प्रशासनले अमेरिकी इतिहासमा आर्थिक राहतको सबैभन्दा ठूलो प्याकेज लागू गरेको छ, विश्वको सबैभन्दा उन्नत परीक्षण प्रणालीको निर्माण गरेको छ, लाखौँको ज्यान बचाउन प्रभावकारी चिकित्सा उपचारको विकास गरेको छ र समयमा खोप वितरण गर्न र भाइरसलाई हराउन द्रुत अपरेसन सुरु गरेको छ।

उनले आफ्नो कार्यकालमा रेकर्ड-सेटिङ ट्याक्स कटौती र नियमन कटौती पारित गरे, ऊर्जा स्वतन्त्रता प्राप्त गरे, नाफ्टालाई संयुक्त राज्य अमेरिका-मेक्सिको-क्यानडा सम्झौतामा प्रतिस्थापित गरे, सेनालाई पूर्ण रूपमा पुनर्निर्माण गर्न दुई खर्ब डलर लगानी गरे, अन्तरिक्ष बल सुरू गरे, आइएसआइएसबाट खलीफाटलाई हटाए, मध्यपूर्व क्षेत्रमा शान्तिको लागि बिशेष सफलता प्राप्त गरे, द्विपक्षीय फौजदारी न्याय सुधारमा हस्ताक्षर गरे, लागुऔषधको मूल्य घटाए, मेडिकेयर र सामाजिक सुरक्षालाई सुरक्षित गरे।

आफ्नो राष्ट्रको पक्षमा ट्रम्पले सुरक्षा चिन्ताको उद्धरण गर्दै धेरै मुस्लिम बाहुल देशका नागरिकहरूमाथि यात्रा प्रतिबन्धको आदेश दिए।

व्यक्ति र व्यवसायका लागि कर कटौती प्याकेज लागू गरे। विदेश नीतिमा ट्रम्पले ट्रान्स-प्यासिफिक पार्टनरसिप ट्रेड वार्ता, मौसम परिवर्तन सम्बन्धमा पेरिस सम्झौता र इरान आणविक सम्झौताबाट संयुक्त राज्य अमेरिकालाई फिर्ता लिने निर्णय गरे।

आयात शुल्क लगाए जसले चीनसँग व्यापार युद्ध सुरु गर्‍यो।

उत्तरी सिरियाबाट अमेरिकी सेनाहरू फिर्ता बोलाए।

ट्रम्पले उत्तर कोरियाली नेता किम जोङ उनसँग तीनपटक भेट गरे, वार्ता सकारात्मक भए पनि एजेन्डाले तात्विक सफलता हात पार्न सकेन।

स्वास्थ्य अधिकारीहरूको कोभिडसम्बन्धी धेरै सिफारिसहरूको खण्डन गरे र अप्रमाणित उपचार र परीक्षणको उपलब्धताको बारेमा गलत जानकारी प्रचार गरे।

राष्ट्रपति ट्रम्प ओबामाकालमा पारित भएको अफोर्डेबल केअर एक्ट (एसिए) खारेज गर्न चाहन्छन्। यो कानुनअनुसार निजी स्वास्थ्य बिमा प्रणालीमा संघीय सरकारको नियन्त्रण बढाइएको थियो। त्यसका साथै उक्त कानुनले पहिलेदेखि नै बिरामी भएका मानिसहरूलाई बिमाको हिस्सा नबनाउने कार्यलाई गैरकानुनी बनाइदिएको थियो। ट्रम्पले यसमा सुधार गरेर संशोधन गर्न चाहन्छन्। उनको प्रमुख लक्ष्य औषधिको मूल्य कम गर्नु हो जसका लागि उनी बाहिरी देशबाट सस्तो दरमा औषधि आयातको अनुमति दिन चाहन्छन्।

राष्ट्रपति ट्रम्पले १० महिनामा एक करोड रोजगारीको अवसर सिर्जना गर्ने प्रतिबद्धता जनाएका छन् भने उनले १० लाख नयाँ साना उद्योगहरू स्थापना गर्ने लक्ष लिएका छन्। ट्रम्प आयकरमा कटौती गर्न र कम्पनीहरूलाई अमेरिकामा रोजगारी कटौती नगर्न प्रोत्साहित गर्न 'ट्याक्स क्रेडिट' दिन चाहन्छन्।

राष्ट्रपति ट्रम्पले २०20 जनवरीमा कोरोना भाइरससम्बन्धी एउटा कार्यदल गठन गरे जसको मुख्य उद्देश्य मानिसहरूको सुरक्षा र देशको अर्थतन्त्र कसरी खोल्ने भन्नेमा केन्द्रित रहेको छ। उनले कोरोना भाइरसको उपचार र खोप विकासलाई पनि प्राथमिकतामा राखेका छन् र त्यसका लागि १० अर्ब डलर छुट्ट्याएका छन्।

ट्रम्पले विदेशमा रहेका अमेरिकी सैनिकहरूको संख्या घटाउने पहलकदमी चालेका छन्। उनले अन्तर्राष्ट्रिय गठबन्धनहरूलाई चुनौती दिने कार्य जारी राख्ने र चीनमाथिको व्यापार शुल्कलाई निरन्तरता दिने नीति लिएका छन्।

राष्ट्रपति ट्रम्प जलवायु परिवर्तनलाई लिएर सधैँ सन्देह व्यक्त गर्छन् त्यसैले उनी गैरनवीकरणीय ऊर्जाको विस्तार गर्न चाहन्छन्। उनको लक्ष्य ग्यास र तेल निकाल्ने कार्य बढाउने र वातावरण संरक्षणसम्बन्धी सुरक्षा प्रबन्धहरू फिर्ता लिने रहेको छ। उनी पेरिस जलवायु सम्झौताबाट पनि पछि हट्न लागि परेका छन्।

चार वर्षअघि राष्ट्रपति बन्दै गर्दा ट्रम्पले अमेरिकालाई विश्वको सबैभन्दा महान मुलुक बनाउने उद्घोष गरेका थिए। यद्यपि १३ मुलुकमा गरिएको हालैको एक अध्ययनले भने उनले अमेरिकालाई महान बनाउने दिशामा खासै केही गर्न नसकेको देखाएको छ। सो अध्ययनले अमेरिकाप्रतिको सकारात्मक धारणा २० वर्षयताकै सबैभन्दा कमजोर अवस्थामा पुगेको उल्लेख गरेको छ। अध्ययनका अनुसार बेलायतमा ४१ प्रतिशतले अमेरिकाप्रति सकारात्मक धारणा राख्दा फ्रान्समा ३१ तथा जर्मनीका केवल २६ प्रतिशतले अमेरिकाप्रति सकारात्मक धारणा राखेका थिए।

ट्रम्पको कार्यकालमा अमेरिकामा आउने आप्रवासीमा कडाइ गरिएको थियो। पदको शपथ लिएको केही सातामा नै ट्रम्पले सात मुस्लिम मुलुकबाट अमेरिका भ्रमणका लागि आउने मानिसहरूमा कडाइ गरेका थिए। जसको व्यापक आलोचना भयो। अहिले यो कडाइको सामना गर्ने मुलुकको संख्या १३ पुगेको छ। सन् २०१९ को तथ्यांकअनुसार सन् २०१६ को तुलनामा विदेशमा जन्मिएका अमेरिकामा बस्ने मानिसको संख्या तीन प्रतिशतले बढी छ। यद्यपि अमेरिकामा आप्रवासीको वृद्धिदर भने उनको कार्यकालमा घटेको छ।

ट्रम्पको कार्यकालमा मेक्सिकोमा जन्मिएर अमेरिकामा बसोवास गर्नेको संख्यामा भने कमी आएको छ। तर, बाँकी ल्याटिन अमेरिकाबाट आएर अमेरिकामा बसोवास गर्नेको संख्यामा भने वृद्धि भएको छ। साथै उनको कार्यकालमा अमेरिकामा आउने शरणार्थीको संख्यामा पनि निरन्तरको कमी देखिएको छ।

सन् २०१५ मा फ्रान्सको पेरिसमा जलवायु परिवर्तन न्यूनीकरणका लागि भएको सम्झौताबाट ट्रम्पले बाहिरिने निर्णय गरेका थिए। यो निर्णयले विश्व राजनीतिमा हलचल ल्यायो। अहिले जलवायु परिवर्तन न्यूनीकरण गर्ने सम्झौतामा आवद्ध मुलुकको नेतृत्व चीनले गरिरहेको छ। ट्रम्पले भने जलवायु परिवर्तनको मुद्दालाई बेवास्ता गर्दै आएका छन्। उनले जलवायु परिवर्तनको न्यूनीकरणको लागि चालिएको कदमले अमेरिकालाई ठूलो नोक्सानी हुने भन्दै यसबाट बाहिरिने निर्णय गरेका थिए।



ट्रम्पको कार्यकालमा अमेरिकाको इरानसँग लगभग युद्धको अवस्था आयो। उनले इरानसँगको आणविक सम्झौताबाट बाहिरिँदै इरानमाथि प्रतिबन्धको निर्णय गरेसँगै तनाव बढेको थियो। यसै क्रममा अमेरिकाले इरानका सबैभन्दा शक्तिशाली अधिकारी कासिम सुलेमानीको इराकमा हत्या गर्‍यो। त्यसको जवाफमा इरानले इराकमा रहेको अमेरिकी क्याम्पमा मिसाइल आक्रमण गर्‍यो। यो आक्रमणमा सयभन्दा धेरै अमेरिकी सेना घाइते भएका थिए। यस्तोमा विश्लेषकहरूले इरान-अमेरिका युद्धको अवस्थामा पुगेको बताएका थिए। वास्तवमा उनीहरूको बीचमा युद्ध त भएन, तर धेरै निर्दोष मानिसहरूले यो तनावका क्रममा ज्यान गुमाएका थिए। तनाबका क्रममा इरानले भुलवस युक्रेनको विमानलाई मिसाइल हानी खसाएको थियो। जसमा सवार १ सय ७६ जनाको मृत्यु भएको थियो।

सन् २०१९ को फेब्रुअरीमा ट्रम्पले महान राष्ट्रले 'अन्त्यहीन युद्ध' नलड्ने भन्दै सिरियाबाट आफ्ना सैनिक फिर्ता गर्ने निर्णय गरे। त्यसका साथै उनले इराक र अफगानिस्तानबाट पनि आफ्ना सैनिक फिर्ता गर्ने निर्णय गरे। तर उनले आफ्नो पदभार सुरु गर्दा जहाँ जहाँ अमेरिकी सैनिक थिए, त्यहाँ अहिले पनि अमेरिकी सैनिकहरू छन्, तर संख्या भने घटेको छ। साथै मध्यपूर्वको अमेरिकाको रणनीतिमा पनि ट्रम्पको कार्यकालमा उल्लेख्य परिवर्तन देखिएको छ। सन् २०१८ मा ट्रम्पले जेरुसलेमलाई इजरायलको राजधानीको मान्यता दिँदै अमेरिकी दूतावास जेरुसलेममा सार्ने निर्णय गरेका थिए। गत महिना अमेरिकालाई साथ दिँदै युएई र बहराइनले पनि इजरायलसँग सम्झौता गरेका थिए। यी दुई मुलुकहरू इजरायल स्वतन्त्र भएपछि उसलाई मुलुक मान्ने तेस्रो र चौथो मुलुक हुन्। ट्रम्पका समर्थकले यसलाई उनको प्रशासनको सबैभन्दा ठूलो कूटनीतिक उपलब्धि भएको बताउँदै आएका छन्।

ट्रम्पले आफ्नो कार्यकाल सुरु गरेको केही समयमा नै १२ मुलुकहरूसँगको ट्रान्स प्यासिफिक पार्टरसिप सम्झौताबाट बाहिरिने निर्णय गरेका थिए। यो सम्झौताबाट अमेरिका बाहिरिँदा चीनलाई सबैभन्दा फाइदा पुगेको बताइएको छ। यो सम्झौतामा अमेरिका चीनको एसिया-यासिफिक क्षेत्रमा बढ्दो प्रभाव नियन्त्रणका लागि समावेश भएको थियो। यद्यपि ट्रम्पका समर्थकहरूले भने यो सम्झौताबाट बाहिरिँदा अमेरिकाको धेरै रोजगारी बाहिर जानबाट जोगिएको बताएका छन्।

त्यस्तै ट्रम्पले उत्तर अमेरिकी स्वतन्त्र व्यापार सम्झौतालाई पनि अहिलेसम्मकै सबैभन्दा खराब सम्झौता भन्दै पुनः वार्ता गरेका थिए। उनले व्यापारमा लिएको नीतिको कारण अमेरिकाको चीनसँग व्यापारयुद्ध सुरु भएको थियो। जसको कारण अहिले दुबै मुलुकले एक अर्काका अर्बौं डलरका सामान माथि अतिरिक्त भन्सार शुल्क लगाएका छन्। सन् २०१९ मा अमेरिकाको चीनसँगको व्यापार घाटा सन् २०१६ को तुलनामा केही कम देखिएको छ। जसका कारण ट्रम्पले लगाएको अतिरिक्त भन्सारबाट बच्न अमेरिकी कम्पनीले चीनबाट कम सामान खरिद गर्नु हो।

ट्रम्पले आफू राष्ट्रपतिमा निर्वाचित भएसँगै चीनप्रति अनुदार नीति अपनाउँदै आएका थिए। राष्ट्रपतिमा निर्वाचित भएसँगै उनले ताइवानकी राष्ट्रपतिसँग फोन वार्ता गरेका थिए। यससँगै अमेरिकाको चीनसँगको तनाव सुरु भएको थियो। त्यसयता अहिले अमेरिका-चीन सम्बन्ध अहिलेसम्मकै कमजोर बनेको छ। अमेरिकाले चीनमाथि दक्षिण चीन सागरको मुद्दा उठाउने, चिनियाँ सामानमाथिको अतिरिक्त कर बढाउने, लोकप्रिय चिनियाँ एपमाथि अमेरिकामा प्रतिबन्ध लगाउनेजस्ता कदम चालिरहेको छ।

साथै कोरोना भाइरस (कोभिड-१९) लाई पनि ट्रम्पले 'चिनियाँ भाइरस'को संज्ञा दिएसँगै दुई मुलुकको सम्बन्ध थप कमजोर बनेको थियो

ट्रम्पको चार वर्षे कार्यकाल कति सफल कति असफल भयो त्यो त समयले देखाउला तर उनको राष्ट्रियता प्रतिको लगाब साँच्चै नै उदाहरणीय बनेको छ। उनले अमेरिकाको नाम रोशन गर्ने तथा अमेरिकी नागरिकहरूको हितको लागि जस्तोसुकै चुनौती सामना गर्न पनि तयार देखिए। राष्ट्रपति ट्रम्पले देशको सुरक्षा र अन्तरिक्षमा अमेरिकाको उपस्थिति थप प्रभावकारी बनाउन अन्तरिक्षमा अमेरिकी सेनाको शाखा बिस्तार गर्ने घोषणा गर्नु अमेरिका तथा अमेरिकी नागरिकहरूको लागि गौरवको विषय हो। अमेरिकी नागरिकहरूको लागि चन्द्रमाको यात्रा सहज बनाउन तथा मंगल ग्रहमा आफ्ना नागरिकहरूलाई पुर्‍याउने सपना देख्नु ट्रम्पको राष्ट्र र राष्ट्रियताको सवालमा अवश्य गौरवपूर्ण कार्य हो जसबाट एउटा नागरिकका लागि आफूभन्दा राष्ट्र र राष्ट्रियता ठूलो हो भन्ने कुरा उनले प्रमाणित गरिदिएका छन्।

(स्रोतः विभिन्न एजेन्सीहरू)

## कसको पिता को ??

- Father of Science---> अल्वर्ट आईन्स्टाईन
- Father of Electricity---> माईकल फाराडे
- Father of Physics---> सर आईज्याक न्युटन
- Father of Biology---> एरिस्टोटल
- Father of Zoology---> एरिस्टोटल
- Father of Kinesiology---> एरिस्टोटल
- Father of Botany---> थियोफ्रेटस
- Father of Chemistry---> रोबर्ट बोयल
- Father of Genetics---> जोहान ग्रेगर मेण्डल
- Father of Modern Physics---> विलियम वाट्सन
- Father of Blood Circulation---> विलियम हार्वे
- Father of Evolution---> चार्ल्स डार्विन
- Father of Geometry---> युक्लाईड
- Father of History---> हेरोडोट्स
- Father of Medicine---> हिप्पोक्रेट्स
- Father ofComputer---> चार्ल्स ब्याबेज
- Father of Atomic Structure---> जोन डाल्टोन
- Father of Atom Bomb---> अटोहान
- Father of Philosophy--->प्लेटो
- Father of Sociology---> अगस्ट कम्टे
- Father ofEducational Sociology---> E. जर्ज प्याने
- Father of Football---> जुलियस रिमेट
- Father of Textbook---> जोहान एस. कोमेनियस
- Father of Population---> S.R वेयल्याण्ड
- Father of Demography---> जोन ग्रान्ट
- Father of Geography---> ईरेटोस्थनिज
- Father of Human Geography---> फ्रेडरिक रिटजेल
- Father of Epidemiology---> जोन स्नो
- Father of Democracy---> अब्राहम लिंकन
- Father of Administration---> विईड्रो विल्सन
- Father of Internet---> भिन्टोन G. सर्फ
- Father of Scientists---> थोमस एल्वा एडिसन
- Father of Mechanical Century-> लियोनार्दो दा भिन्चि
- Father of Educational Training---> पेस्तालोजी
- Father of Accounts---> ल्युका पेसिवली
- Father of Mobile---> मार्टिन कुप्पर
- Father of Action Research---> कुर्त लेविन
- Father of Inclusive Democracy---> टकिस फोटोपौलस
- Father of Microbiology--->लुईस पास्चर
- Father of Modern Factory System---> रिचर्ड आर्कराईट
- Prince of Experiments---> माईकल फाराडे

MISSION LOKSEWA-मिशन लोक सेवा®

प्रेरक

## गुरुको आदर

महान् योद्धा अलेक्जेन्डर युद्धमा जाँदा कहिलेकाहीँ आफ्ना गुरु अरिस्टोटललाई पनि साथमै लिएर जाने गर्थे। एकपटक एउटा युद्ध चलिरहेको समयमा गुरुचेला साथै थिए। सो लडाइँमा अलेक्जेन्डरले विजय पनि प्राप्त गरे। युद्धमा विजय प्राप्त गरिसकेपछि अलेक्जेन्डर आफ्ना गुरु अरिस्टोटलका साथ राजधानीतिर फर्किरहेका थिए। ठुल्ठूला पहाड र घना जंगल पार गर्दै उनीहरू आफ्नो राजधानीतिर फर्किरहेका थिए।

बाटोमा एउटा गहिरो खोला आयो। खोला कति गहिरो छ, अनुमान गर्न कठिन थियो। होसियारी नअपनाई पार गर्ने मुर्खता गर्दा ज्यान पनि जान सक्थ्यो। त्यसैले अरिस्टोटलले अलेक्जेन्डरलाई भने, 'यो खोला पहिले म पार गर्नेछु अनि खोलाको धार र गहिराइ बुझेर म तिमीलाई संकेत दिन्छु, तब मात्र तिमीले पार गर्नू।'

तर, अलेक्जेन्डरले गुरुको आज्ञाको पालना गरेनन्। उनी अलिकति पनि सोचविचार नगरी खोलामा हेलिए र कठिनसँगै खोला पार गरे। अलेक्जेन्डरको यस्तो व्यवहारबाट गुरु अरिस्टोटल निकै रिसाए। रिसाएका अरिस्टोटलले अलेक्जेन्डरलाई भने, 'आजसम्म तिमीले मेरो आज्ञाको अवज्ञा गरेका थिएनौ, फेरि आज अचानक तिमीलाई के भयो? के विश्वविजयी बन्दै गएको उन्मादमा तिमीले आफू भन्दा ठूलाले भनेको मान्नुपर्छ भन्ने पनि बिर्सियौ ?'

अलेक्जेन्डरले बडो नम्रताले टाउको झुकाएर रिसाएका गुरुलाई भने, 'गुरु, यदि यो अनजान खोला पार गर्दा तपाईंलाई केही भइहालेको भए त्यस्तो अवस्थामा मैले तपाईंजस्तो अर्को गुरु पाउने थिइन। तर, यदि म डुबेको भए तपाईंले आफ्नो ज्ञानले मजस्ता धेरै अलेक्जेन्डर तयार पार्न सक्नुहुन्थ्यो। त्यसैले मैले पहिला आफ्नो ज्यान जोखिममा हालेको हुँ, हजुरको आज्ञा उल्लंघन गरेकामा मलाई माफ गर्नुहोस् गुरु।' अलेक्जेन्डरको जवाफ सुनेपछि खुसी भएका अरिस्टोटलले उनलाई अँगालो हाले।

## साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

भैपरी आउने खर्चले चिन्ता बढाउन सक्छ। समय दिन नसक्दा बन्न लागेको कामसमेत बिग्रन सक्छ। व्यवसायमा लगानी बढाउनुपर्ला। तत्काल फाइदा लिंदा भविष्यमा नोक्सान हुने देखिन्छ। समयमा होस नपुग्नाले व्यवहारमा पछि परिएला। आफ्नाबाटै टाढिनुपर्ने परिस्थिति आउन सक्छ। अवसरका लागि निकै दौडधुप गर्नुपर्ला। यात्रा गर्ने प्रक्रिया अघि बढ्न सक्छ।

### वृष

मिहिनेतको राम्रो परिणाम प्राप्त हुनेछ। तारिफयोग्य काम सम्पादन गर्दै मनग्गे धन आर्जन गर्न सकिनेछ। आँटले काम सम्पादन हुनेछ। प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। थोरै लगानीबाट पनि नाफा उठाउन सकिनेछ। विभिन्न भौतिक साधन जुट्नेछन् भने दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ। अप्ठ्यारा परिस्थितिलाई समेत सहज बनाउन सकिनेछ।

### मिथुन

राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ। मिहिनेत गर्दा जीवनशैलीमा परिवर्तन आउनेछ। लगनशीलताले कीर्तिमानी दिलाउन सक्छ। सामाजिक क्षेत्रमा नेतृत्व हातलागी हुने सम्भावना छ। व्यापारमा पनि राम्रै फाइदा हुनेछ। प्रतिष्ठित काम गर्ने अवसर मिल्नेछ। विशिष्ट व्यक्तिको सहयोग जुट्नेछ। अरूलाई प्रभावित पारेर दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ।

### कर्कट

प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । तारिफयोग्य काम गर्दै लोकप्रियता हासिल गर्न सकिनेछ। धर्मकर्म तथा परोपकारी काममा प्रवृत्त भइएला । मिहिनेतले जीवनशैलीमा परिवर्तन ल्याउनेछ। भविष्यका लागि जग बसाउन सकिनेछ । भौतिक साधन जुट्नेछन् भने दिगो काम गर्ने समय छ । व्यापारमा मनग्य लाभ हुनेछ । सामाजिक काम गर्ने अवसर प्राप्त हुनेछ । स्वास्थ्यमा समस्या आउन सक्छ ।

### सिंह

समस्याप्रति गम्भीर नबन्दा दु:ख पाइनेछ । कामको चाप बढ्नेछ भने शरीरमा कमजोरी तथा आलस्य अनुभूति हुनेछ । सामान्य काममा धेरै धन र परिश्रम खर्चनुपर्ला। स्वास्थ्यका लागि व्यायाम तथा आहारविहारमा ध्यान पुर्याउनुहोला । गोपनीयता बाहिरिनाले समस्या पर्न सक्छ। आफ्नो वस्तुमा अरूले दाबी गर्लान्। बनिसकेको काम दोहोर्याउनुपर्ने हुन सक्छ।

### कन्या

आम्दानी बढाउने काम सुरु गर्न सकिनेछ। तर, विवादास्पद क्षेत्रमा हात हाल्नाले केही समस्या पनि आउन सक्छन्। निम्तो प्राप्त भए पनि आतिथ्य खर्चिलो बन्न सक्छ। प्रेम र दाम्पत्यमा पनि असमझदारी बढ्न सक्छ। सवारी साधन उपयोग गर्दा विशेष सावधानी अपनाउनुहोला। काममा साथीभाइको सहयोग जुट्नेछ। सोखले मालमत्ता जुटाउन प्रेरित गर्नेछ।

### तुला

रोकिएका काम बन्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ। मिहिनेतले राम्रै प्रतिफल दिलाउनेछ। प्रयत्न गर्दा दिगो फाइदा हुने काम हातलागी हुनेछ। चुनौती चिर्दै काम बनाउन सकिनेछ। शत्रुहरू किनारा लाग्नेछन् भने प्रतिस्पर्धामा विजयी भइनेछ। पहिले ईर्ष्या गर्नेहरूले नै सहयोग गर्न थाल्नेछन्। व्यापारलगायत आर्थिक लाभ हुने काममा मनग्गे फाइदा हुनेछ।

### वृश्चिक

लगनशीलताले काममा फाइदा दिलाउनेछ। प्रतिष्ठित काम गर्ने अवसर प्राप्त हुनेछ। बुद्धिको उपयोगले विद्या तथा धन आर्जन हुनेछ र मिहिनेतले सम्मानित स्थान दिलाउनेछ। नयाँ कामको प्रस्ताव आउनेछ। साथ दिनेहरू बढ्नेछन्। फाइदाको स्रोत पहिल्याउन सकिनेछ। थोरै भए पनि दिगो लाभ हुने काम प्रारम्भ हुनेछ। बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ।

### धनु

परिस्थिति सोचेजस्तो अनुकूल नहुन सक्छ। नजिकका साथीभाइसँग असमझदारी बढ्नेछ भने काम बिग्रने डरले सताइरहनेछ। समयमा सजग नबन्दा शुभचिन्तकहरू टाढिनेछन्। बेसुरमा वचन दिनाले अप्ठ्यारोमा परिएला। हडबडीले काम बिग्रन सक्छ। मिहिनेतको फल अरूलाई सुम्पनुपर्ने अवस्था आउन सक्छ। आफ्नाले समेत झुक्याएर फाइदा उठाउन सक्छन्।

### मकर

प्रयत्न गर्दा राम्रै अवसर जुट्नेछ। काममा मिहिनेतको फल प्राप्त हुनेछ। साथीभाइले राम्रै सहयोग जुटाउनेछन्। रचनात्मक काममा जुट्ने समय छ। रोकिएका काम पुन: सुरु हुन सक्छन्। पछिसम्म लाभ हुने काम प्रारम्भ गर्ने समय छ। भौतिक साधन जुट्नाले दिगो योजना प्रारम्भ होला। व्यापारमा पनि मनग्गे धनलाभ हुनेछ। सेवामूलक कामबाट प्रतिष्ठा पाइनेछ।

### कुम्भ

अध्ययनमा प्रगति हुनेछ भने ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ। सुखद् समाचारले उत्साह जगाउनेछ। आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने काममा सम्झौता गर्ने समय छ। नयाँ काम प्रारम्भ हुनेछ। मिहिनेतले सम्मानित स्थान दिलाउन सक्छ। बौद्धिक अभिव्यक्तिको तारिफ हुनेछ। बोलीको प्रभावले आर्थिक क्रियाकलापमा समेत फाइदा हुनेछ।

### मीन

रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। पहिलेको सफलताले काममा हौसला जगाउनेछ। नयाँ कामको प्रस्ताव आउनेछ भने सहयोगीहरू प्रशस्तै भेटिनेछन्। बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ। पहिलेका कमजोरी सुधार्दै जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ। सुन्दर पहिरनका साथ व्यक्तित्व निखार्ने अवसर प्राप्त हुनेछ।

## समाचार संक्षेप

### अवैध लागूऔषधसहित पक्राउ

काठमाडौं। भक्तपुर सूर्यविनायक नगरपालिका-६ बस्ने काभ्रे भुम्लु गाउँपालिका-३ स्थायी ठेगाना भएका २८ वर्षीय सुजन बुढाथोकीलाई १३ ग्राम ४५ मिलिग्राम अवैध लागूऔषध खैरो हेरोइन,नियन्त्रित लागूऔषध २१ ट्याब्लेट नाईट्राजेपाम, १ थान डिजिटल तराजु र नगद ५६ हजार रुपैयाँ सहित सोमबार दिउँसो प्रहरीले पक्राउ गरेको छ।

कागेश्वरी मनहरा नगरपालिका-९ खहरेचोकबाट लागूऔषध नियन्त्रण ब्यूरो कोटेश्वरबाट खटिएको प्रहरीले उनलाई बा.९० प ८७५४ नम्बरको स्कुटर, ५ ग्राम अवैध लागूऔषध खैरो हेरोइन र नगद ५ हजार सहित फेला पारी पक्राउ गरे पश्चात अनुसन्धानको क्रममा उनको कोठाबाट थप ८ ग्राम ४५ मिलिग्राम अवैध लागूऔषध खैरो हेरोइन, नियन्त्रित लागूऔषध नाईट्राजेपाम, डिजिटल तराजु र नगद ५१ हजार रुपैयाँ प्रहरीले बरामद गरेको हो।

### सवारी दुर्घटनामा परी मृत्यु

काठमाडौं। कपिलवस्तु, बुद्धभूमि नगरपालिका-२ गोरुसिंङ्गे जंगलस्थित सडकमा ना.८ ख २५२५ नम्बरको रोकी राखेको बसमा यूपी ४२ बीटी २३९१ नम्बरको भारतीय ट्रक मंगलबार बिहान ठक्कर खाई दुर्घटना हुँदा ट्रक चालक भारत अयोध्या दर्शननगर बस्ने ६० वर्षीय मुन्नीलाल चौहानकोट्रकमा च्यापिएर घटनास्थलमै मृत्यु भएको छ। दुर्घटनामा घाइते भएका बसका चालक बाँकेराप्ती सोनारी गाउँपालिका(४ अगैया बस्ने २४ वर्षीय कमल परियार लगायत ४जना गोरुसिंङ्गेस्थित बुद्धपोलिक्लिनिकमा उपचार पश्चात डिस्चार्ज भएका छन्।

धनुषा,बटेश्वर गाउँपालिका(४ स्थित सडकमा सोमबार बिहान ज.११ प १५१९ नम्बरको मोटरसाइकलको ठक्करबाट सोही गाउँपालिका-२ बस्ने बिषुनदेव ठाकुरकी ६ वर्षीया छोरी आरती कुमारी ठाकुरको मृत्यु भएको छ। विद्यालय गईरहेको अवस्थामा मोटरसाइकलको ठक्करबाट गम्भीर घाइते भएकी उनको उपचारको लागि स्थानीय मेडिकल लैजाने क्रममा बाटोमै मृत्यु भएको हो। मोटरसाइकल र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

### मृत अवस्थामा फेला

काठमाडौं। गोकर्णेश्वर नगरपालिका(८ बेसिगाउँस्थित सडक पेटिमा सोही ठाउँ डेरा गरी बस्ने शंकरापुर नगरपालिका(१ नाङलेभारेघर भएका ७० वर्षीय राजमान तामाङ मंगलबार मृत अवस्थामा फेला परेका छन्।

### विभिन्न हातहतियार सहित ६ जना पक्राउ

काठमाडौं। भोजपुर, भोजपुर नगरपालिका-८ स्थित पोखरेलाईनबाट एसएलआर राईफलको २ राउण्ड गोली, थ्रिनटथ्रि राईफलको १ राउण्ड गोली, १.६ फिट डेटोनेटर कड सहित २ जनालाई सोमबार साँझ प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा पौवादुम्मा गाउँपालिका(३ च्याङ्गे बस्ने २१ वर्षीय विकास राई किराँती र १९ वर्षीय सुरभजंग क्षेत्री भन्ने योगराज कार्की रहेका छन्। जिल्ला प्रहरी कार्यालय भोजपुरबाट खटिएको प्रहरीले उनीहरूलाई शंकास्पद अवस्थामा हिँडिरहेको अवस्थामा फेला पारी जाँच गर्दा उक्त हातहतियार सहित फेला पारी दुवै जनालाई पक्राउ गरेको हो।

उदयपुर, कटारी नगरपालिका-७ मर्जेतपुरबाट १ थान भरुवा बन्दुक सहित २ जनालाई सोमबार दिउँसो प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा सोही ठाउँ बस्ने ३० वर्षीय रुद्र बहादुर तामाङ र कृष्ण बहादुर तामाङ रहेका छन्। ईलाका प्रहरी कार्यालय कटारीबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त बन्दुक सहित फेला पारी पक्राउ गरेको हो। उनीहरूसँगै रही हाल फरार रहेका अन्य ३ जनाको प्रहरीले खोजी गरिरहेको छ।

मोरङ, मिक्लाजुङ गाउँपालिका(१ सिलिलिङ बस्ने अरुण भन्ने ५८ वर्षीय अमृत बहादुर श्रेष्ठलाई १ थान टोटा बन्दुक, सोही बन्दुकको ३ थान खाली खोका, करिब ५ सय ग्राम बारुद र २ थान मोबाइल सहित सोमबार दिउँसो प्रहरीले पक्राउ गरेको छ। श्रेष्ठले हातहतियार लुकाई राखेको भन्ने सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरीले उनको घर तालसी गर्दा हातहतियार फेला पारी उनलाई पक्राउ गरेको हो।

### हत्या गरेको अभियोगमा पक्राउ

रौतहट। छिमेकी ५० वर्षीय अमिरी पासवानलाई कुटपिट गरी हत्या गरेको अभियोगमा बृन्दावन नगरपालिका(७ धमौरा गाउँ बस्ने १९ वर्षीय बिकाश पासवान र ५५ वर्षीय विन्दा पासवानलाई सोमबार साँझ प्रहरीले पक्राउ गरेको छ।

मादक पदार्थ सेवन गरेका बिकाश समेतले कुटपिट गर्दा गम्भीर घाइते भएका अमिरीको गरुडा बजारस्थित गरुडा सिटि हस्पिटलमा उपचारको क्रममा मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय गरुडा र प्रहरी चौकी हर्साहाबाट खटिएको प्रहरीले घटनामा संलग्न उनीहरूलाई पक्राउ गरेको हो।

### दुर्घटनामा परी ५ जनाको मृत्यु

काठमाडौं। सिरहा, सुखिपुर नगरपालिका-८ स्थित सडकमा स.३ प ७३४९ नम्बरको मोटरसाइकल आफै अनियन्त्रित भई सोमबार साँझ दुर्घटना हुँदा चालक सिन्धुली दुधौली नगरपालिका-९ बस्ने २२ वर्षीय किरण गिरीको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका किरणको बिराट टिचिङ अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो। साथै दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार सुखिपुर नगरपालिका-८ बस्ने २० वर्षीय राजु चौधरीको सोही अस्पतालमा उपचार भइरहेको छ।

चितवन, राप्ती नगरपालिका-७ हर्दी चोकस्थित सडकमा एनएल ०१ एल २४६० नम्बरको भारतीय एलपी बुलेटले प्रदेश ३-००२ प ११८ नम्बरको मोटरसाइकललाई सोमबार साँझ ठक्कर दिँदा मोटरसाइकलमा सवार राप्ती नगरपालिका-५ बस्ने ३० वर्षीय नवराज दनै र २२ वर्षीय सचिन दनैको मृत्यु भएको छ। ठक्करबाट गम्भीर घाइते भएका उनीहरूको उपचारको लागि भरतपुरतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो। ग्याँस बुलेट र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

मोरङ, पथरी शनिश्चरे नगरपालिका-२ जय चोकस्थित सडकमा मे.८ प ६३७७ नम्बरको मोटरसाइकल र को.१ ख ६८३१ नम्बरको बस एकआपसमा ठक्कर खाई सोमबार साँझ दुर्घटना हुँदा मोटरसाइकल चालक झापा मेची नगरपालिका-९ बस्ने ३२ वर्षीय मुकेश प्रसाद पौडेलको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका उनको पथरी अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो। बस र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

यसैगरी मोरङ, बेलबारी नगरपालिका-४ स्थित सडकमा प्रदेश १-०२-०४२ प ४२१६ नम्बरको मोटरसाइकल र को.३९ प ३८०१ नम्बरको मोटरसाइकल एकआपसमा ठक्कर खाई सोमबार साँझ दुर्घटना हुँदा को.३९ प ३८०१ नम्बरको मोटरसाइकलका चालक बेलबारी नगरपालिका-७ बस्ने ३७ वर्षीय नविन पौडेलको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका उनको बिराटनगर न्यूरो अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो। साथै दुर्घटनामा घाइते भएका सोही मोटरसाइकलमा सवार बेलबारी नगरपालिका-७ बस्ने २६ वर्षीय मनोज बिष्टको बिराटनगर न्यूरो अस्पतालमा र प्रदेश १-०२-०४२ प ४२१६ नम्बरको मोटरसाइकलमा सवार चालक सुनसरी धरान उपमहानगरपालिका-१७ बस्ने २० वर्षीय नविन राई समेत २ जनाको धरान अस्पताल घोपामा उपचार भइरहेको छ।

### मृत अवस्थामा फेला

काठमाडौं। काठमाडौं महानगरपालिका-१५ हलचोकस्थित सडकमा हाल नाम, थर, वतन नखुलेका करिब ४५ वर्षीय पुरुष सोमबार मृत अवस्थामा फेला परेका छन्।

### सवारी दुर्घटनामा परी मृत्यु

काठमाडौं। बाग्लुङ, बडीगार्ड गाउँपालिका-५ दाँगास्थित सडकमा रोकेर सामान लोड गर्दै गरेको लु.१ ज ४३७० नम्बरको जिप आँफै गुडेर सडकबाट करिब ४ सय मिटर तल खसेर सोमबार बिहान दुर्घटना हुँदा जिपमा सवार बडिगार्ड गाउँपालिका-५ दागा बस्ने २२ वर्षीया टेकमाया राना र उनकी ८ महिनाकी छोरी छाँया रानाको घटनास्थलमै मृत्यु भएको छ। दुर्घटना गम्भीर घाइते भएकी सोही ठाउँ बस्ने ६० वर्षीया गौमती रोक्काको स्थानीय मेडिकलमा उपचार भईरहेको छ। जिप चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Grouse = असन्तुष्टी प्रकट गर्नु Students always grouse about the quality of food at hostel (होष्टलको खानालाई लिएर विद्यार्थीहरू सधै असन्तुष्टी प्रकट गर्दछन् )।

Hubris = घमण्डी वानी वा स्वभाव Filled with hubris he did not heed my suggestion (घमण्डी स्वभाव भएको हुंदा उस्ले मेरो सल्लाहप्रति कुनै ध्यान दिएन )

Inchoate = प्रारंभिक अवस्थाको, अब्यवस्थित Before the construction took place, the site seemed like inchoate mass (निर्माण शुरु गर्नु अघि निर्माण स्थल ज्यादै अब्यवस्थित देखिन्थ्यो)

Jocular = ठट्यौलो पाराको Not everyone likes his way of making jocular remarks (सबैले उस्को ठट्यौलो पाराले गर्ने अभिब्यक्ति मनपराउदैनन )

Kaput= विग्रनु The car is kaput, now we have to walk (कार विग्रयो अव हामी हिड्नु पर्दछ )

Lumber = गह्लुंगो तर हासो उठ्दो पाराले हिड्नु As he is too fat, he lumbers like a bear (उ चाहिने भन्दा वढी मोटो भएको हुंदा भालुले जस्तै हासो उठ्दो पाराले हिड्छ)

Myriad = ठूलो संख्यामा Myriad of locusts invaded the paddy field (सलहको वथानले धानको खेतमा आक्रमण गर्‍यो )

Notable = नाम चलेको His success can be regarded as notable (उस्को सफलतालाई उल्लेख गर्न योग्य मान्नु पर्दछ )

Outwit= चलाखिपूर्ण तरिकाले छक्याइदिनु By disguising himself as a beggar, the underground leader was able to outwit the police and escape (माग्नेको भेषमा भूमिगत नेता प्रहरीलाई चलाखिपूर्ण तरिकाले छक्याई भाग्न सफल भए )

Plethora = आवश्यकता भन्दा वढी She offered plethora of excuses for a simple mistake she committed (आफूले गरेको सानो भूलको लागि उन्ले आवश्यकता भन्दा वढी माफ मागिन)

## Turn बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Turn something back = फिर्ता लिनु The government turn the water project back because of the lack of finance (अर्थको अभावमा सरकारले खानेपानी आयोजना फिर्ता लियो)

Turn somebody back = फिर्ता वोलाउनु As the weather became bad, the team manager turned the cricket players back -मौसम खराव भएको कारण टिम ब्यवस्थापले क्रिकेट खेलाडिलाई फिर्ता वोलायो )

Turn somebody down = साथ नदिनु He wanted to join the army but his health condition turned him down उ सैनिकमा भर्ति हुन चहान्थ्यो तर उस्को स्वास्थ्य अवस्थाले साथ दिएन।

Turn something down = कम गर्नु Turn the gas down once the milk is boiled if you want to cook rice pudding दुध उम्लने वित्तिकै ग्यासआगो कम गर्नु यदि खिर पकाउने हो भने।

Turn in = पल्टनु It is already late night, I think I will turn in रात धेरै ढल्किसक्यो म त सुत्न जान्छु)।

Turn sombody in = कसैलाइ बुझाउनु As she found his friend stealing her goods, she turned him in (साथीले आफ्नो समाना चोरेको भेटेपछि उन्ले उस्लाई प्रहरीकाहा बुझाइदिइन।

Turn something in = फिर्ता गर्नु As soon as he bought a new, he turned my laptop in नया किन्ने वित्तिकै उस्ले मेरो ल्यापटप फिर्ता गरिदियो।

Turn in on oneself = आफ्नै समस्याले चिन्तित हुनु She turned very in on onself as she divorced पारपाचुके गरेपछि तिनी आफ्नै समस्याले चिन्तित छिन।

Turn something inside out = उल्टाउनु The strong wind turned my umbrella inside out कडा हुरीले मेरो छाता उल्टाइदियो।

Turn off = मोडिनु Where does the motorable road turn off to start trekking? ट्रेकिग शुरु गर्न कहासम्म पुगेर मोटर चल्ने बाटो सकिन्छ ?

## सुडोकु-अंक २०२

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | २ | १ | | ९ | | | ८ | |
| ५ | ८ | | | | | | | १ |
| | ६ | | | | १ | | | |
| | | | ८ | | | | १ | २ |
| ३ | | | | | | | | ७ |
| ७ | ९ | | | | ६ | | | |
| | | | ४ | | | | ७ | |
| २ | | | | | | | ४ | ८ |
| | ३ | | | ५ | | १ | २ | |

## अंक २०१ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | ६ | ४ | ५ | ९ | २ | ३ | ८ | १ |
| ९ | ३ | ५ | १ | ८ | ७ | २ | ४ | ६ |
| १ | ८ | २ | ६ | ३ | ४ | ९ | ७ | ५ |
| ४ | ७ | ६ | ९ | ५ | ८ | १ | २ | ३ |
| २ | १ | ३ | ४ | ७ | ६ | ८ | ५ | ९ |
| ८ | ५ | ९ | ३ | २ | १ | ७ | ६ | ४ |
| ३ | २ | १ | ७ | ६ | ५ | ४ | ९ | ८ |
| ५ | ४ | ७ | ८ | १ | ९ | ६ | ३ | २ |
| ६ | ९ | ८ | २ | ४ | ३ | ५ | १ | ७ |

# Heart-to-Heart with the People



On the Korean TV channels, one can frequently see Chairman Kim Jong Un having unceremonious conversations with the people.

When they talk to him, they never hesitate to tell their wishes and problems candidly. Someone even asked him a favour of naming her newborn baby. He seems to have his own magic of making them open their hearts.

It is one of his distinctive traits to bow deeply to the people before they do to him.

In June 2018, he visited the Sinuiju Cosmetics Factory which is renowned for its *Pomhyanggi* brand.

When he stepped into the corridor of the finishing workshop, he saw a middle-aged female worker enthusiastically cheering him inside the glass-partitioned shopfloor. As he stopped walking, the accompanying manageress introduced her to him saying that she was the worker poet who had written the lyrics of the song *The Girl on a Steed.* Then she even sang its first few bars.

On hearing her introduction, he said that it was a pride of the factory to have such a talented person before making a deep bow to the worker.

There are many other similar examples. When he visited a fishery station, he bowed low to the cheering female workers in the fish processing workshop.

In August 2020, he personally drove to flood-hit Taechong-*ri* in UnphaCounty, NorthHwanghaeProvince to acquaint himself with the situation.

When his car got stuck in the mud, the local farmers helped him pull out. As they felt much obliged to him for his personal visit to them, they took it for granted to push his car out of mud.

However, he said that he was very sorry to cause them the trouble. They were moved to tears.

There is a saying in Europe which goes, "Modesty opens all doors." Chairman Kim Jong Un's infinite modesty is truly his magic to win people's hearts.

## हरिबोधनी एकादशीको महत्व



काठमाडौं । प्रत्येक वर्ष कार्तिक शुक्ल एकादशीका दिन मनाइने हरिबोधिनी एकादशी यस वर्ष स्मृतिमा आधारित भई कर्म गर्नेले बुधबार र वेदमा आधारित भई कर्म गर्नेले बिहीबार मनाउनुपर्ने नेपाल पञ्चांग निर्णायक समितिले जनाएको छ ।

समितिका अध्यक्ष प्रा डा रामचन्द्र गौतम मंसिर १० गते बुधबार एकादशी तिथि ५९ घडी नाघी ११ गते बिहान अरुणोदयकालमा पनि तिथि रहेको बताउछन् । दशमी र एकादशी तिथि पहिलो दिन ५६ घडी नाघेमा दोस्रो दिन पनि हुन्छ भन्ने शास्त्रीय मत छ । एकादशी तिथि ५६ घडी नाघेका दिन स्मृतिलाई आधारमानी कर्म गर्ने अर्थात् स्मार्तले एकादशी मनाउँछन् । यसै कारण मंसिर १० गते बुधबारलाई स्मार्तानां एकादशी व्रत भनी समितिले स्वीकृति दिएका पात्रो (पञ्चाङ्ग) मा उल्लेख गरिएको उनले जानकारी दिए ।

वेदमा आधारित भई कर्म गर्नेले अरुणोदयकालमा एकादशी तिथि परेको दिन तिथि मनाउने गर्छन् । सूर्योदय हुनुअघिको चार घडीलाई अरुणोदय भनिन्छ । यो एकादशी यस वर्ष मंसिर ११ गते बिहीबार परेको समितिले जनाएको छ । जसलाई वैष्णवानां एकादशी अर्थात् वैष्णवको एकादशी भन्ने गरिएको छ । यहाँ विशेष टीका लगाउनेलाई मात्र वैष्णव भनी बुझ्न नहुने अध्यक्ष गौतमले बताए । समितिले स्वीकृति दिएकामा पात्रोमा पनि यही उल्लेख गरिएको छ । हरिबोधनी एकादशीको महत्व कार्तिक शुक्ल एकादशीलाई हरिबोधनी एकादशी भनिन्छ । आषाढ शुक्ल एकादशीका दिन क्षीरसागरमा शयन गर्नुहुने भगवान् विष्णु यसै दिन जागा हुनुहुने शास्त्रीय मान्यता छ । आषाढ शुक्ल एकादशीदेखि कार्तिक शुक्ल पूर्णिमासम्म सनातन धर्मावलम्बीले घरघरमा तुलसी रोपी विशेष पूजा आराधना गर्छन् ।

हरिबोधनी एकादशीका दिन तुलसीलाई विष्णुसँग विवाह गरी विशेषरुपमा मनाउने गरिन्छ । वैदिक पात्रोमा उल्लेख गरिने १६ तिथिमध्ये एकादशीलाई महत्वपूर्ण तिथिका रुपमा मनाइन्छ । हरिबोधनी एकादशीलाई ठूलो एकादशी पनि भनिन्छ । यस दिन सनातन धर्मावलम्बीले अन्न ग्रहण नगरी कन्दमूल र फलफूल खाने गर्छन् । चतुर्मासाभर पूजा आराधना गरिएको तुलसीलाई कार्तिक शुक्ल एकादशीदेखि मार्गशीर्ष कृष्ण पञ्चमीसम्म वैदिक यज्ञ गरी समापन गरिन्छ । यस अवसरमा उपत्यकाका चार नारायण मन्दिरमा विशेष मेला लाग्ने गर्छ । भक्तपुरको चाँगुनारायण, ललितपुरको गोदावरीस्थित विशङ्खुनारायण, काठमाडौंको दक्षिणकाली नगरपालिकामा रहेको शेषनारायण र नागार्जुनमा रहेको इचङ्गुनारायणमा एकादशीदेखि कार्तिक शुक्ल पूर्णिमासम्म विशेष मेला लाग्छ । यस अवसरमा चार नारायणको दर्शन गरेमा पाप पखालिई पुण्य कमाइने र मनोकांक्षा पूरा हुने धार्मिक विश्वास छ । यस वर्ष कोरोना भाइरसको संक्रमणका कारण चार नारायणमध्ये केहीमा मात्र मेला लाग्ने जनाइएको छ । भक्तजनलाई घरघरमै बसी नारायणको पूजा आराधना गर्न धर्मशास्त्रविद् र सम्बन्धित मन्दिर व्यवस्थापन समितिले आह्वान गरेका छन् ।

शेषनारायणमा मेला लाग्ने दक्षिणकाली नगरपालिका-५ मा पर्ने चार नारायणमध्येको एक शेषनारायण मन्दिरमा भने हरिबोधनी एकादशीका अवसरमा बुधबार र बिहीबार दुवै दिन मेला लाग्ने भएको छ । मन्दिर व्यवस्थापन समितिको अध्यक्षसमेत रहेका वडाध्यक्ष श्यामबहादुर खत्री विद्यालयसमेत खुलिसकेको अवस्थामा वर्षमा एकदिन धेरै भक्तजन आउने मन्दिर बन्द नगरिएको बताउछन् ।

मन्दिर खुले पनि भौतिक दूरी कायम गरेरमात्र दर्शन गराइने उनले सुनाए । नगर क्षेत्रका स्थानीयवासीले ११ गते एकादशी मनाउने भएकाले त्यस दिन नगरपालिकाले नगर क्षेत्रमा स्थानीय बिदासमेत दिएको छ । हरिबोधनी एकादशीका अवसरमा चार नारायण जान नसक्ने उपत्यकाको उत्तरी भेगमा रहेको बूढानीलकण्ठमा दर्शन गर्छन् । यहाँ दर्शन गरेमा चार नारायणमै दर्शन गरेको फल मिल्ने धार्मिक विश्वास छ । बूढानीलकण्ठ मन्दिर पनि यस वर्ष कोरोनाका कारण भक्तजनका लागि खुला नगरिने भएको छ । नित्य पूजा भने पूर्ववत् चलाइने बूढानीलकण्ठ नारायणस्थान दशनामी मठका मठाधीश निगमानन्दले जानकारी दिए ।

## मृदुङ्गा झरनामा पर्यटक बढे

**रवीन्द्र काफ्ले**

पाँचथर । नजिकै सडक पुगेपछि पाँचथरको हिलिहाङ गाउँपालिकामा रहेको मृदुङ्गा झरना आन्तरिक पर्यटकको रोजाइमा परेको छ । पुष्पलाल (मध्यपहाडी) लोकमार्गको पहुँच मार्ग र तमोर करिडोर सडक झरना नजिकै पुगेपछि यहाँ आन्तरिक पर्यटकको भीडभाड हुन थालेको हो । यो झरना हिलिहाङ गाउँपालिका वडा नं ३ र ४ को सिमानामा रहेको छ ।

ठूला-ठूला चट्टानका बीचबाट झरेको झरना निकै आकर्षक र सुन्दर देखिनाले यहाँ पर्यटकको भीड लाग्न थालेको हो । मेची राजमार्गबाट हिलिहाङ-१ भालुचोक र फेदापाबाट करिब एक घण्टा यात्रा गरेपछि यो झरनासम्म पुग्न सकिन्छ । सबै प्रकारका सवारीका साधन यहाँसम्म पुग्नसक्ने भएकाले आन्तरिक पर्यटकको चाप दिनानुदिन बढिरहेको स्थानीय व्यवसायी सुरेश चापागाँईले बताए ।

चापागाँईका अनुसार सडक पुगेपछि झरनामा तस्बिर लिने र सामाजिक सञ्जालमा हाल्ने क्रमले यो झरना प्रचारमा आएको हो । 'बाटोकै कारणले ओझेलमा रहेको झरना पर्यटकीय गन्तव्यका रुपमा विकास भएको छ', चापागाँईले भने, 'यहाँ पाँचथरलगायत विभिन्न छिमेकी जिल्लाबाट आएका मानिसको दैनिकरुपमा भीडभाड हुने गरेको छ ।' सडकले विकास र समृद्धिका अन्य आयामसमेत खोल्दछ भन्ने बलियो उदाहरण बनेको छ यो झरना । यहाँ अहिले दैनिक २५० जनाभन्दा बढी पर्यटक आउने गरेको व्यवसायी चापागाँईको भनाइ छ । झरनाको २०० मिटर नजिकबाट तमोर करिडोर सडक विस्तार भएको छ ।

हिलिहाङ गाउँपालिका-४ का वडाध्यक्ष श्रीप्रसाद सिगुका अनुसार झरनालाई व्यवस्थित पर्यटकीय गन्तव्य बनाउन चालू आव २०७७-७८ मा विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार पार्न लागिएको छ । प्रतिवेदनका आधारमा यस झरनालाई प्राकृतिकरुपमै सुन्दर बनाउने प्रयास गरिने उनको भनाइ छ । सडक छेउ सवारी पार्किङ स्थल, सिँढी मार्ग, स्वीमिङ पुललगायत संरचना आवश्यक भएकाले ती संरचना निर्माणका कार्यसमेत थालिने वडाध्यक्ष सिगुले बताए ।

यहाँ घुम्न पुग्नु भएका नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का प्रदेश कमिटी सदस्य हर्कबहादुर नेम्वाङले मृदुङ्गा झरना पर्यटकीय सम्भावनाको दृष्टिले महत्वपूर्ण भए पनि पूर्वाधारका दृष्टिले शून्य अवस्थामा रहेकाले द्रूत गतिमा पूर्वाधार निर्माण आवश्यक रहेको बताए । 'यहाँ पर्यटकको भीड नै लाग्ने गरेको देखियो, पर्यटन प्रवर्द्धनबाट यहाँ ठूलो लाभ पनि लिन सकिने रहेछ', नेम्वाङले भने, 'यसका लागि स्थानीय तह र प्रदेश सरकारले लगानी गर्नुपर्छ ।'

झरना निकै सुन्दर र आकर्षक रहेको तथा तमोर करिडोर सडक सञ्चालनमा आउन लागेकाले यहाँबाट स्थानीय तहले ठूलो आम्दानी लिन सक्ने नेम्वाङको भनाइ छ । 'पूर्वाधार निर्माण र व्यवस्थित प्रचार गर्न सके यहाँबाट सरकारले ठूलो आर्थिक लाभ लिन सक्दछ', नेम्वाङले भने ।

फिदिम र ताप्लेजुङबाट यहाँ पुग्न लामो समय नलाग्ने हुनाले स्थानीय पर्यटकको चाप बढ्दै गएको हो । स्थानीयवासी एवं व्यवसायी चापागाईका अनुसार यहाँ हिउँदमा पानी कम हुने गर्छ । सुभाङ खोला झरना नजिकै रहेकाले त्यहाँका पानीलाई झरनाबाट झार्ने प्रयास गरिनुपर्ने उनको भनाइ छ ।

यस्तै झरनाभन्दा माथि रहेको मन्दिरको जीर्णोद्वार गरिनुपर्ने, आवश्यक अन्य पूर्वाधार निर्माण गरी सरकारी आम्दानीको स्रोत बनाइनु पर्ने स्थानीयवासी खगेन्द्र योङहाङको माग छ । हिलिहाङ गाउँपालिकाले आफ्नो नीति तथा कार्यक्रममा उक्त झरनालाई पर्यटकीय केन्द्र तथा मनोरञ्जन स्थलमा परिणत गर्न गुरुयोजना निर्माण गर्ने उल्लेख गरेको छ । *(रासस)*


**शिक्षालाई सीपसँग, सीपलाई उत्पादनसँग, उत्पादनलाई बजार तथा बजारलाई रोजगारीको अवसर र आर्थिक विकाससँग जोड्ने अभिप्रायले नेपाल सरकारद्वारा गठित कार्यदलले मानव संसाधनको आँकलन तथा प्रक्षेपण कार्य गरिरहेको सन्दर्भमा नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको वेभसाइटमार्फत वा www.hrp.gov.np मा रहेको online विवरण तथा सुझाव संकलन फारम यथाशीघ्र भरिदिई सहयोग गरिदिनुहुन अनुरोध गरिन्छ ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**



**कोभिड १९ र बन्दाबन्दीका कारण बढ्दो आत्महत्या न्यूनीकरणका लागि निम्नानुसार गरौं**

- आर्थिक असमानता, सामाजिक एवं सांस्कृतिक देखावटीपन, नकारात्मक अभ्यास एवं चलायमान, मनोवृत्तिलाई कडाईका साथ निरुत्साहित गरौं ।
- आदर्शपूर्ण नैतिक शिक्षा तथा उच्च परिवारिक मूल्य मान्यता, दया, आदर र आत्मसम्मानको भाव प्रदान गर्ने प्रकृतिको चेतना अभिबृद्धि गरौं ।
- उच्चाभिलाषी हुने ज्ञानभन्दा जीवनमा आइपर्ने हरेक विषम परिस्थितिको सामना गर्न सक्ने खुवी र मानसिकताको विकास गरौं ।

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

## नेकपा...

छन् । कोरोनाको महामारी भएर जनता भोकभोकै सडकमा बिल्लीबाठ भइरहँदा सरकार मुकदर्शक बन्नेमात्र होइन साँसदहरू कानुन बिरुद्ध दशौं पेस्कीको नाममा भत्ता लिन थाले । जसको जनस्तरबाट अत्यन्त ठूलो विरोध भएपछि लाजगालले पेश्की फिर्ता गर्न बाध्य भए । शुद्ध पिउनेपानीको अभाव भ्फेलिरहेका जनताको ख्याल गरिएन । अभ्कै पनि कतिपय गाउँका महिला केटाकेटी बिहानभरि पानी लिन जानुपर्ने बाध्यता भएकाले विद्यार्थीले समयमा पढ्न नपाउने मात्र होइन, नुहाइधुहाइ गर्ने पानी पर्याप्त नहुँदा धेरै केटाकेटीहरू अस्वस्थ हुने गरेका छन् । शिक्षा र स्वास्थ्यमा सरकारले ध्यान नपुऱ्याउँदा गरिब परिवारले गुणस्तरीय शिक्षा स्वास्थ्य पाउन सकेका छैनन् । निजी रुपमा खोलिएका स्कुल तथा नर्सिङ होमहरूमा सर्वसाधारणले उपचार गर्न अत्यन्त महँगो मूल्य तिर्नुपर्छ । कृषिप्रधान देशमा मल बिउ सिंचाइको व्यवस्था गर्न नसक्दा अरबौं रुपियाँको खाद्यान्न विदेशबाट आयात गरिरहनु परेको छ ।

महँगी र भ्रष्टाचारले अक्रान्त भएका जनतालाई राहत दिनुको सट्टा सरकारले भ्रष्टाचारमा संलग्न व्यक्तिको बचाउ गर्ने सरकारको निकृष्ट रुपबाट जनता भ्कनै बिचलित भएका छन् । स्वयं सरकारका नजिकका मानिसहरू संलग्न भएका ठूला भ्रष्टाचार काण्डको सत्यतथ्य छानबिन गर्नुभन्दा प्रधानमन्त्री उनीहरूकै बचाव गर्दै बक्तब्य निकालेर उनीहरूको मुद्दा कमजोर पारिरहन्छन् । वाइडबडी, न्यारोबडी जहाज खरिद काण्डदेखि, एनसेन, सुनकाण्ड, ललिता निवास, नेपाल आयल निगमको जग्गा खरिद काण्ड, ओम्नीको औषधि खरिद काण्ड लगायतका विशिष्ट तहका ठूला व्यक्तिहरूका भ्रष्टाचार काण्डलाई बिस्तृतमा छानबिन गरी भ्रष्टहरूलाई नङ्ग्याउँदै सर्वस्वहरण गरी जेल हाल्नुपर्नेमा प्रायः सबै मुद्दालाई मुल्तवीमा राखेर अख्तियार प्रमुख बाहिरिए । यदि प्रधानमन्त्रीको नियत राम्रो भएर भ्रष्टाचार नियन्त्रण गर्न बोलीअनुसार कारबाही गरेर देखाउन खोजेको भए अख्तियार प्रमुखलाई कडा निर्देशन दिएर भए पनि यी ठूला भ्रष्टहरूलाई सख्त कारबाही गरिनुपर्थ्यो । जस्बाट खरबौं रुपियाँ राजस्वमा जम्मा हुने थियो ।

सरकारका नचाहिँदा कुरा र जनताका अपेक्षा बिपरित कुसाशनको हर्कतबाट सरकार र नेकपा अत्यन्त अलोकप्रिय भएको छ । पार्टीभित्रको ब्यक्तिगत स्वार्थको भ्कगडालाई पन्छ्याउँदै केपी ओलीको सरकार अघि बढ्न नसक्ने हो भने केही मन्त्रीहरू बदल्दैमा देशले प्रगति गर्न सक्तैन । त्यसैले पनि सरकारले भ्रष्टाचार नियन्त्रण गर्न पनि अख्तियारलाई सम्पूर्ण अधिकारले सम्पन्न पारेर एकजना सशक्त इमानदार निडर ब्यक्तिलाई नियुक्त गरी काम गर्ने वातावरण र सहयोग सरकारले मिलाउनु पर्छ ।

देशका सिमाना मिचिएका छन् । कालापानी लिम्पीयाधुरा, लिपुलेक, सुस्तालगायतका जग्गा इण्डियनबाट फिर्ता लिन पार्टी र सरकार सशक्त रुपमा एक भएर अघि बढ्नै पर्छ । कोरोनाबाट पीडित जनताको स्वास्थ्य उपचारमा आवश्यक मद्दत पुऱ्याउँदै उनीहरूलाई गरिखाने ब्यबस्था गर्न अत्यन्त आवश्यक छ । त्यस्तै गरेर बिदेशबाट आएका र स्वदेशमा भएका बेरोजगार युवाहरूको लागि बृहत रुपमा रोजगारका कार्यक्रमहरू शिघ्र ल्याउनुपर्छ । सम्पूर्ण किसानका हितमा बृहत रुपमा सिँचाइको प्रबन्ध गर्नुको साथै मलको स्थायी आपूर्तिको लागि स्वदेशमा युरिया र डिएपि मलको कारखाना खोल्न शिघ्र प्रारम्भ गरिहाल्न आवश्यक छ । देशको अत्यन्त गौरवपूर्ण योजना निजगढको अन्तर्राष्ट्रिय हवाइमैदानको आयोजना अहिले अलपत्र परेको भान हुँदैछ । यदि यो हवाइ मैदान समयमा निर्माण हुने हो भने यसबाट राष्ट्रले अत्यन्त धेरै लाभ प्राप्त गर्नेछ । यसका लागि सबभन्दा पहिला सरकारले सुशासन दिन आवश्यक छ । त्योभन्दा पहिला कालाबजारिया र भ्रष्टहरूलाई निर्ममतापूर्वक कारबाही गर्ने हिम्मत प्रधानमन्त्रीमा हुनुपर्छ । अभ्कै पनि मेरो पार्टी, मेरो गुट, पार्टीलाई चन्दा दिने व्यापारी अनि चाकडीबाज र दलालकै पक्षमा गलत निर्णयहरू गरिराख्ने हो भने देशमा अराजकता बढ्ने मात्र होइन, कोरोनाको कारण छिटै भोकमरि तथा महामारी आउने सम्भावना देखिन्छ । त्यसपछि जनता बिप्लब चन्दको पक्षमा लागेर यी शोषक सामन्ती भ्रष्ट दलहरूको जरो उखेल्न बाध्य हुनेछन् ।

## ३ खर्ब...

नेपालले गत वर्षको भन्दा १० दशमलव ६२ प्रतिशत न्यून सामान आयात गरेको छ । यस अवधिमा नेपालमा चार खर्ब दुई अर्ब रूपैयाँ बराबरको सामान भित्रिएको छ। अघिल्लो वर्ष चार खर्ब ५० अर्ब रूपैयाँको सामान भित्रिएको थियो । महामारीले पेट्रोलियम पदार्थदेखि अधिकांश वस्तुको आयात घट्दा समग्र आयात नै घटेको तथ्यांकले देखाएको छ ।

## नेपाललाई...

जितेका छन् । जुलियाता मोक्तान, तान्सी क्षेत्री, रविन्द्र मानन्धर रिना श्रेष्ठ र तीना आचार्यले रजत जिते । सत्कार घर्ती मगर र राजकुमार श्रेष्ठ भने कास्यमै सीमित भए ।

## चिसो...

देशका धेरै स्थानको तापक्रममा गिरावट आउनुका साथै तराई भूभागमा बिहान वायुको पारदर्शितामा कमी हुन सक्ने मौसमविदको भनाइ छ । महाशाखाका अनुसार आज वाग्मती प्रदेश प्रदेश २ र प्रदेश १ मा आंशिकदेखि सामान्य बदली रही बाँकी प्रदेशका पहाडी भूभागमा आंशिक बदली हुनेछ । अन्य भूभागमा सामान्यतया मौसम सफा रहने महाशाखाले जनाएको छ ।

## सीमा विवादमा...

सहयोग पुगिरहेको छ । नेपालजस्तो दुइटा देशले मात्र घेरिएको देशलाई सन्तुलित छिमेक नीति भ्कनै महत्वपूर्ण छ ।

एक वर्षअघिदेखि नेपाल र भारतबीचको कूटनीतिक संवादहीनताको स्थितिलाई अन्त्य गर्दै मोदी सरकारले बाह्य जासुसी संस्था 'रअ' प्रमुख सामन्त कुमार गोयललाई नेपाल पठायो । यसले नेपाल भारतबीचको कूटनीतिक सम्बन्धलाई फेरि ब्युरोक्र्याट्स र खुफिया एजेन्सी तहमा मात्र सीमित गर्न मोदी सरकारले खोजिरहेको देखिन्छ । भारतीय स्थल सेनाध्यक्ष मनोज मुकुन्द रनवणेको काठमाडौं भ्रमणपछि भारतीय विदेश सचिव हर्षवर्द्धन श्रृंगला द्विपक्षीय परराष्ट्र सचिव स्तरीय बैठकमा भाग लिन काठमाडौं आइपुगेका छन् । २०७६ कात्तिक १६ गते मोदी सरकारले जम्मु कास्मिर राज्यलाई केन्द्र मातहत राख्दै नयाँ राजनीतिक र प्रशासनिक नक्सा जारी गऱ्यो । उक्त नक्सामा नेपालको भूभाग लिम्पियाधुरा, कालापानी र लिपुलेक क्षेत्रलाई आफ्नो नक्सामा समावेश गरेपछि नेपालले भारतीय नक्सालाई अस्वीकार गर्दै ती क्षेत्र आफ्नो भएको दाबी गऱ्यो । नेपालले द्विपक्षीय संवादद्वारा सीमा विवाद हल गर्न भारतलाई पटक पटक पत्राचार गऱ्यो, कूटनीतिक नोट पठायो तर भारतले वास्ता गरेन ।

बरु धार्चुलाबाट लिपुलेक जोड्ने मोटरबाटो बनाएर कोरोना महामारीका बेला भर्चुअल माध्यमबाट उद्घाटन गरे- भारतीय रक्षामन्त्री राजनाथ सिंहले । नेपालले नक्साको जवाफ नक्साले नै दिने निर्णय गऱ्यो । लिम्पियाधुरा कालापानी लिपुलेक समेटेर नेपालले नयाँ कालापानी, लिपुलेक समेटेर नेपालले नयाँ नक्सा जारी गऱ्यो । संविधान नै संशोधन गरेर निशान छापमा नक्सा समेट्यो । अहिले यही नक्सा प्रचलनमा छ । तर भारतले नेपालमा प्रचलनमा ल्याएको नयाँ नक्सालाई अभ्कै मान्यता दिएको छैन ।

भारतीय स्थलसेना प्रमुख नरवणेले त नेपालले कसैको उक्साहटमा नयाँ नक्सा जारी गरेको भनेर चीनतर्फ संकेत गरे । सीमा विवादजस्तो संवेदनशील कूटनीतिक विषयमा मोदी सरकारले सेना प्रमुखलाई बोल्न लगाउनु नेपाललाई तर्साउने रणनीति अख्तियार गर्नु हो । मानार्थ प्रधानसेनापतिको बिल्ला भिर्न आएका नरवणेको सरकारले जुन खातिरदारी गऱ्यो त्यो दास मानसिकताकै उपज हो । भारतीय खुफिया एजेन्सी रअ प्रमुख गोयलसँग प्रोटोकल विपरीत मध्यरातमा प्रधानमन्त्री केपी शर्मा ओलीले घन्टौं भलाकुसारी गर्नु भ्कनै लज्जास्पद विषय हो ।

भारतीय विदेश सचिव हर्षवर्द्धन र परराष्ट्र सचिव भरतराज पौडेलबीच हुने बैठकमा सीमा विवाद र इपिजी प्रतिवेदनबारे विशेष प्रस्ताव ल्याइएको छैन । ४ भदौ ०७६ मा काठमाडौंमा दुई मुलुकका परराष्ट्र मन्त्री स्तरीय संयुक्त आयोगको बैठक भएको थियो । बैठकमा भाग लिन हालका भारतीय विदेशमन्त्री एस जयशंकर आएका थिए । त्यसको दुई महिनापछि भारतले कालापानी समेतको जमिन समेटेर नयाँ नक्सा जारी गरेको थियो त्यसपछि दुई मुलुकबीच औपचरिक कूटनीतिक वार्ता रोकिएको थियो । गत १५ अगस्टमा प्रधानमन्त्री केपी शर्मा ओली र भारतीय समकक्षी नरेन्द्र मोदीबीच भएको टेलिफोन वार्तामा औपचारिक संवाद सुरु गर्ने सहमति भएको थियो । द्विपक्षीय वार्तामा भारतले कालापानी सुस्तालगायत सीमा विवादमा मुख खोल्न चाहेको छैन । यद्यपि नेपालले कुरा उठाउने भएको छ । त्यसका लागि परराष्ट्र सचिव स्तरीय संयन्त्रको बैठक शिघ्र बस्नुपर्ने, प्राविधिक तहमा पनि द्विपक्षीय छलफल हुनुपर्ने धारणा नेपाली पक्षले राख्ने परराष्ट्र मन्त्रालय स्रोतको भनाइ छ । तर लिम्पियाधुरा कालापानी विवाद सचिवस्तरीय संयन्त्र बैठकले सुल्भ्काउन सक्दैन , न त परराष्ट्र मन्त्री स्तरीय बैठक नै यसलाई टुंगो लगाउन सक्छ । उच्च राजनीतिक तहको वार्ताले मात्र सीमा विवाद हल गर्न सकिन्छ । यसका लागि प्रधानमन्त्री ओलीले आफ्ना समकक्षी नरेन्द्र मोदीसँग वान टु वान वार्ता गर्न सक्नुपर्छ । जसरी तत्कालीन प्रधानमन्त्री बीपी कोइरालाले चिनियाँ कम्युनिस्ट पार्टीका अध्यक्ष माओसँग कुरा गरेर सगरमाथालाई नेपालको स्वामित्वमा ल्याएका थिए । इपिजी प्रतिवेदन मोदीले किन बुभ्केनन् यदि बुभ्क्दैनन् भने नेपालले त्यसलाई सार्वजनिक गर्ने आँट गर्नुपर्छ ।

## भ्रष्टाचारमा...

सबैभन्दा ठूलो समस्या हो भनेका छन् । सरकार र त्यसको नेतृत्वका कारण जनतामा यो धारणा बनेको हो । सेक्युरिटी प्रिन्टिङ प्रेस खरिद काण्ड, गोकर्ण र बालुवाटारको जग्गा काण्ड, वाइडबडी काण्ड, ओम्नी औषधि आयात काण्ड आदिको छानबिन नहुनुले जनतामा निराशा बढेको बुभ्कन सकिन्छ । ट्रान्सपरेन्सी इन्टरनेसनलले प्रधानमन्त्री केपी शर्मा ओलीको नामै तोकेर उदासिनता र अकर्मण्यताबारे लेख्नु अभ्क चिन्ताजनक विषय हो ।

## फुटबलका...

निधन भएको अर्जेन्टिनी सञ्चारमाध्यमले जनाएका छन् । उनको दुई साताअघि मात्र ब्युनर्स आयर्सस्थित ला प्लाटा अस्पतालमा मस्तिष्कको सफल शल्यक्रिया भएको थियो । उनी गत नोभेम्बरमा अस्पतालबाट घर फर्किएका थिए ।

म्याराडोनाले आफ्नै कप्तानीमा अर्जेन्टिनालाई सन् १९८६ मा विश्वकप दिलाउँदा इङ्ल्यान्डविरुद्धको क्वार्टरफाइनलमा हातले गोल गरेका थिए, जसलाई 'ह्यान्ड अफ गड' भन्ने गरिन्छ । यही गोलका कारण त्यतिबेला इङ्ल्यान्ड पराजित भएको थियो ।

म्याराडोनाले बार्सिलोना र नेपोलीबाट क्लब फुटबल खेलेका थिए। उनले नेपोलीलाई दुईपटक सिरी 'ए' को उपाधि दिलाएका थिए ।

अर्जेन्टिनाबाट चार विश्वकपमा सहभागिता जनाएका उनले राष्ट्रिय जर्सीमा ९१ खेल खेल्दा ३४ गोल गरे । उनले सन् १९९० को इटालीमा भएको विश्वकपमा पनि अर्जेन्टिनालाई फाइनलसम्म डोऱ्याएका थिए । लागुऔषध प्रयोगकै कारण उनी १५ महिना प्रतिबन्धमा समेत परे । उनले सन् १९९७ मा ३७ वर्षको उमेरमा व्यावसायिक फुटबलबाट संन्यास लिएका थिए । उनी अर्जेन्टिनी फुटबल प्रशिक्षकको जिम्मेवारीका रूपमा पनि रहेका थिए ।

## उपत्यकामा...

काठमाडौं विश्वका प्रदूषित एक सय सहरमध्ये एक हो, जहाँको हावामा हानिकारक कणको मात्रा धेरै छ। डब्लुएचओका अनुसार प्रतिघनमिटर क्षेत्रमा २.५ माइक्रोमिटरभन्दा सानो व्यास भएका धुलोका कणको मात्रा दैनिक २५ र वार्षिक १० माइक्रोग्रामभन्दा बढी हुनुहुँदैन। वायु गुणस्तरसम्बन्धी मापदण्ड, ०६९ मा भने त्यस्ता धुलोका कण दैनिक ४० माइक्रोग्रामसम्म हुन सक्ने उल्लेख छ। सन् २०१७ मा काठमाडौंको वार्षिक वायु गुणस्तर अंक डब्लुएचओको मापदण्डभन्दा चार गुणाभन्दा बढी अर्थात् ४२ माइक्रोग्राम थियो ।

'द स्टेट अफ ग्लोबल एयर रिपोर्ट २०१९'का अनुसार मानिसको मृत्युका प्रमुख कारणमध्ये वायु प्रदूषण पाँचौं हो। नेपालमा पनि वायु प्रदूषणका कारण लाग्ने रोगबाट ज्यान गुमाउनेको संख्या ठूलो छ। तर पनि प्रदूषण नियन्त्रण गर्ने सरकारी प्रयास धेरै कमजोर छ।

## स्टेप ओभर...

नेपाल चीनबीच बढ्दो सम्बन्धले अत्तालिन थालेको छ। चिनियाँ रक्षामन्त्री वेइको भ्रमण नेपाली सेनासँग अमेरिकाको इन्डोप्यासिफिक स्ट्राटेजीमार्फत भइरहेको गतिविधिमा केन्द्रित रहने अनुमान गरिएको छ ।

तेस्रो धार

# प्रतिकूलताबीच नेपाली महिलाको जीवन

■ **मौसमी कुमारी कुशवाहा**

पुरातन युगदेखि नारीलाई देवी मानिदै आइएको छ । यो सृष्टिको सुरुवात नै नारीबाट भएको कुरा नकार्न सकिदैन । नारी एक माया जाल हो, एकातर्फ नारी अर्को तर्फ सम्पूर्ण सृष्टिको मायाजाल भन्यो भने जहिले नारी तिर नै औंला तेर्सिन्छ । हाम्रो हिन्दु धर्मशास्त्रअनुसार पनि नारी बारेमा अनेकौं व्याख्या गरिएको छ । जस्तै "त्रिया चरित्रं,पुरुषस्य भाग्यम, देवौ ना जानाति कुतो मनुष्यः" भनाईको तार्त्पय एउटा नारीको चाल र चरित्रको बारेमा अहिलेसम्म भगवान पनि भेउ पाउन सकेका छैन् । सामान्य पुरुषले के अडकल काट्न सक्छ त ! नारीलाई लक्ष्मण रेखा भनिन्छ । किनकी त्रेता युगमा कोरेको रेखालाई माता सीताबाहेक कोहि थिएन जो त्यो रेखा पार गर्न सकोस् । अर्थात नारीले चाहयो भने जस्तो परिर्वतन पनि गराउन सक्छिन् । घरदेखि लिएर राष्ट्र लगायत विश्वसम्म !

हाम्रो देशमा आजसम्म महिलाहरूले प्रतिकूलताबीच जीवन बाँचेको छ । कहिलेकाहीँ प्रतिकूलताबीच उन्नति भएको उदाहरण हेर्न मिल्छ । यस्तै एउटा उदाहरण हो, इग्ल्याण्डको सुप्रसिद्ध नाटककार विलियम सेक्सपियर । सानै उमेरमा आर्थिक समस्या कमजोर भएका कारण काम र मामको खोजीमा इग्ल्याण्ड जानु भयो र रङ्शालामा काम गर्दागर्दै नाटक लेख्न थाले पछि विश्वकै महान दुखान्त नाटककारको रुपमा चिनिभयो । यस्ता कति उदाहरण छन् जो प्रतिकूलताबाट अनुकुलतामा परिणत भएको छ । त्यसकारण अब समय आइसके छ देशको लागि केहि गर्ने ।

वर्तमान समय २१ औं शताब्दीमा हेर्ने हो भने हरेक घरमा महिलाको वर्चस्व बढी रहेको छ । बाहिर समाज पुरुष प्रधान लागे पनि भित्रबाट खोक्रो नारीको फरिया चियाउने हाम्रो समाज हो । आफ्नो घरमा स्याउति मार्दै हिड्ने बिरालो बाहिर सिंहको खोल ओढेर सिंहको नाटक गर्ने युग पुरुषहरू कहलाएका छन् । हाम्रो देशको जसको हालत हो त्यको अधिकांश जिम्मेवार महिलाहरू रहेका छन् । महिलाहरू जुन अधिकार र वर्चस्व बुढामाथि आफ्नो घरभित्र राखेको छ त्यो सिमित नराखी त्यसलाई घर बाहिरको व्यवहारमा पनि उतारुन् भन्ने कुरामा कहिल्यै ध्यान पुऱ्याएन । हामी नेपाली महिला कस्ता छौं भने, अरुको श्रीमान, छोरा गल्ती गरे हाई हाई छिः छिः र आफ्नो श्रीमान, छोरा गऱ्यो भने वाह ! वाह ! र कुरा लुकाउने प्रवृति छ । यस्ता एक अर्काको व्यवहारले देशमा रुढीवादी बलात्कार, दुर्व्यवहार, भ्रष्टचार जस्ता अनेकौं विकृति फैलिएको छ ।

एउटा अर्को घटना हो जसबाट म पटक पटक ग्रसित भएकी छु । म स्नातकोत्तर अध्ययनको क्रममा हेटौंडा कलेजमा कयौं पटक नेपाली हुनुको प्रमाण दिनुपरेको छ । तिमी त भारतीय ! कसरी नागरिकता लियौं ? यहाँसम्म कसरी आयौं ? यी प्रश्नको शिकार म लगायत जस्ता हजारौं मधेशी भोग्दै आएको छौ । पुस्तौंदेखि भारतीय भनेर हेपिएको, भारतीयसँग अनुहार मिल्ने भए हामी भारतीय हो भने तिमीहरू को हौं ? मधेशीलाई बिहारी भन्नेहरू त्यसो भए त तिमीहरू त सिधैं चाइनिज भयौं । किनकी तिमीहरूको अनुहार चेप्टो, चिम्सो आँखा भएकाहरू नेपाली कसरी भयौं ? यो कस्तो दोहोरो कुरा ? यस्ता नीच सोच र देशद्रोही कुराबाट माथि उठौं र देशको विकास उन्नतिको कुरा गरौं ।

नेपाली महिलाहरूलाई मात्र पैसा चाहियो, रु १ लाख बीस हजारको आईफोन, २५ हजारको सारी, १ लाखको सुनपोतो लाएर पनि सोचेभ्कैं जिन्दगी रैनछ, गीत घन्काउँदै हिंडेको हुन्छ ! त्यति खर्च बुढाले दिएको छ, एता बुढि घरमा मखख परेर छरछिमेकमा चहलपहल जमाउँछ । तर त्यति पैसा श्रीमान कहाँबाट ल्यायो ? कसरी जोड्यो ? कुनै सोध खोज छैन, आफ्नो खुनपसिना सुकाएर ल्यायो की अरुको खुन बहाएर ल्यायो, की जल्दो चिम्नीमा गरिबलाई पोलेर ल्यायो, की कोही गरिब नेपाली चेलीलाई वेश्यालयमा बेचेर, की नेपाल आमालाई नै नङ्ग्याएर, की १७ हजार निर्दोष नेपाली मारेर ल्याएको यो कुराको कुनै न मतलब छ न लेखाजोखा । हामी नेपाली, हामी नेपाली, हाम्रो देश नेपाल, हाम्रो मातृभूमि नेपाल, प्यारो नेपाल, सुन्दर नेपाल, देखाउने र भ्कुठो नारा लगाएको हुन्छ । तर आफ्नै बुढाले नेपाललाई बेचेको छ, नङ्ग्याएको छ, अरु विदेशी दलालको हातमा केही कागजका नोटसँग साटेको छ । कहिले एमसिसिको नाममा, कर्णाली, कोसी, कहिले सन्धीको नाममा कहिले भारतसँग त कहिले चीनसँग बेचेको छ । यस्ता घटना बेला कहाँ हुन्छ राष्ट्रप्रेम, कहाँ हुन्छ, नेपालीपनको भावना कहाँ हुन्छ ? नेपाली स्वर ? नेपाल बेचेर अधिकाश सत्ताधारीहरूले बुढी र छोरीलाई रवाफ देखाएको छ । नेपाल आमालाई नङ्ग्याएर आफू रेसमी, सिल्की फरिया लगाएर देशभक्तिको नाटक गर्ने ती स्वर्गकी परीहरूसँग, ती नेपाली भन्ने मुखौटाधारी नारीहरूसँग मेरो प्रश्न छ, जब तिमीहरूको श्रीमान नेपाललाई विदेशी दलालसँग साटेर महलमा गलैचामा बसाउँछ । के त्यो बेला एक पटक पनि सोच्छौं तिमीहरू ? ३० हजार, ४० हजारको जागिर भएको कर्मचारीहरू कसरी वर्षे पिच्छे सहरमा घर, गाडि, नोकरचाकर जोडन पुग्छ । ढिढो र सिस्नु खाने फाइफ स्टार होटेलको सुखसुविधा र अमेरिका पेरिसको डिनर हुन्छ ? कसरी आईहाल्छ यति परिर्वतन ? लाज हुनु पर्छ एक मुखले नेपाली भनेको हुन्छ र अर्को हातले नेपाललाई लुच्छेको हुन्छ । यता जनतालाई मार्ने, हक नदिने तर आफू चाँहि सत्ताधारी भएर खुब लुट मचाउने, राष्ट्रभक्तको नाममा आफ्नो खल्ती भर्ने ! यहि हो नेपालीपन र देशभक्ति ? आफू एक महिला भएर अर्को मातातुल्य राष्ट्रमातालाई लुटने विदेशीको हातमा बेच्ने, विदेशी डलरसँग साटने ! ठिकै भन्छ एउटा महिलाको दुश्मन अर्को महिला नै हुन्छ । यहाँ नेपाली महिला र नेपाल राष्ट्रलाई हेर्दा पुर्खाले भनेका कुरा सत्य भएका छ । आफ्ना सुख र भोग विलासमा आफ्ना राष्ट्रमातालाई नै नेपाली महिलाले नै सखाप पार्ने भएको छ । एउटा महिलाको इज्जत उतारेर अर्की महिला प्रतिष्ठत र सम्मानित भएकी छ । वाह ! रे हाम्रो नेपाल र नेपाली महिला । त्यो हरेक महिलासँग मेरो प्रश्न छ, एक चोटि आफू भित्र र आफूलाई तलदेखि माथिसम्म निहार, कति निर्दोष जनताको खुनबाट लतपतिएको छ तिम्रो जिउ । नेपालको रगतले पोतिएको छ । तिम्रो जिउ कति पाप बोकेपछि पवित्र बनी पशुपतिनाथको सामु भक्त बनि शिर भ्कुकाउछौं । दुर्भाग्य छ महिला भएकोमा र नेपाली भएकोमा ।

एउटा प्रश्नको उतर जान्ने मेरो ठूलो जिज्ञासा छ नेपाली महिलाहरूसँग, छिमेकी राष्ट्र भारत मित्रराष्ट्र हुदाँहुदै पनि दुश्मन भन्ने गरेका हुन्छ । जुन देशबाट बेटी, संस्कृति, लगायत हजारौं नेपालीको रोजगारीदेखि भान्सा चलेको छ, त्यो राष्ट्रसँग दुश्मनी, घृणा, गाली, यहाँसम्म की भारत सिमाना क्षेत्रका जनतासँग पनि घृणा र गाली, आतङ्कवादीसम्म भन्ने, भ्कन मधेशीलाई त हेर्न नसक्ने । मधेशीलाई भारतीय, बिहारी, भैया, गवार मान्ने तर त्यही भारतसँग भित्र-भित्र वा देखाएरै अनुदानको नाममा, सहयोगका नाममा, भूकम्पको नाममा, बाढीको नाममा जस्ता अनेकौ कारण देखाएर आफ्नो पेट र बैकमा पैसा खन्याएको हुन्छ । यो कस्तो नाटक ! बाहिर मुखमा गाली भित्र चाहीँ वाह ! वाह ! ताली । त्यही भारतको अनुदान लिएर आफ्नो बैकदेखि भान्सासम्म तताएको तर बाहिर गाली गर्दै हिडने । यो कस्तो राष्ट्रियता र देशभक्ति हो ? बुढा भारतको चम्चागीरी गरी करोडौं घरमा भित्रयाउने, बाहिर महिलाहरू घोक्रो राष्ट्रियताको बाजा बजाउने । अब यो नाटक बन्द गर । असल नेपाली नागरिक बनौं । आफ्नो राष्ट्रलाई मुख देखाउने बनौं । काम यस्तो गरौं कि आउने सन्तति गर्व गरोस् ।

# विश्व बैंकबाट ४२ अर्ब ऋण

काठमाडौं । नेपालको सहरी विकास र वित्तीय क्षेत्रको सुदृढीकरण तथा कोभिड १९ पश्चातको पुनरुत्थानलाई टेवा पुऱ्याउन विश्व बैंकले ४२ अर्ब रुपैयाँ ऋण सहयोग गर्ने भएको छ। यससम्बन्धी दुई सम्भ्कौतामा नेपाल सरकार र विश्व बैंकबीच हस्ताक्षर सम्पन्न भएको छ । नेपाल सहरी शासकीय सुधार र पूर्वाधार आयोजना र आर्थिक वृद्धिका लागि वित्त विकास नीति सहायता गरी दुईवटा सम्भ्कौतामा नेपाल सरकारका तर्फबाट अर्थसचिव शिशिरकुमार ढुंगाना र माल्दिभ्स, नेपाल र श्रीलंकाका लागि विश्व बैंकका राष्ट्रिय निर्देशक फारिस हदाद जर्मोसले हस्ताक्षर गरेका हुन् ।

यो सहयोगमध्ये १५ करोड अमेरिकी डलर (करिब १८ अर्ब रुपैयाँ) बराबर सहरी शासकीय सुधार र पूर्वाधार आयोजना अन्तर्गत ३३ नगरपालिकामा खर्च हुनेछ। आयोजनाका कार्यक्षेत्र अन्तर्गतका नगरपालिकाहरू र त्यहाँ बसोबास गर्ने नागरिकहरूको प्राथमिकताका आधारमा लक्षित सहरहरूका रणनीतिक पूर्वाधारमा नेपालमा पहिलो पटक अनुदान स्रोतको सुनिश्चितततासहित आर्थिक सहयोग पुऱ्याइनेछ। साथै साना खालका श्रम केन्द्रित सार्वजनिक निर्माण कार्य लगायतमा यसले आर्थिक सहयोग पुऱ्याउनेछ।

यस्तै कोभिड १९ पछि नेपालको वित्तीय क्षेत्रको स्थिरतालाई सुदृढ बनाउन, वित्तीय समाधानका उपकरणमा विविधता ल्याउन र वित्तीय सेवाहरूको पहुँचमा वृद्धि गर्न विश्व बैंकले २० करोड अमेरिकी डलर (करिब २४ अर्ब) बराबरको सहयोग गर्नेछ। यस आयोजनाले महामारीको प्रभावका कारण बैंकिङ र वित्तीय संस्थाहरूले सामना गर्नुपर्ने जोखिमहरूको उचित सुपरिवेक्षणमा सहयोग पुयाउनेछ। यसले निजी क्षेत्रमा जाने पुँजी प्रवाहलाई अभिवृद्धि गर्दै लगानीका नयाँ अवसरहरू उपलब्ध गराउन सहयोग पुऱ्याउने विश्व बैंकले जनाएको छ।

# अद्भुत ग्रह

खगोलविद्हरूले दूर अन्तरिक्षमा एउटा ग्रह पत्ता लगाएका छन् जहाँ सम्भवतः फलामको वर्षा हुन्छ । व्यास्प-७६बी नामले चिनिने उक्त ग्रहले आफ्नो माउतारालाई एकदमै नजिकबाट परिक्रमा गर्छ । दिउँसो यसको तापक्रम २,४०० डिग्री सेल्सीअस नाघ्छ । त्यो तापक्रममा धातुहरू पनि पग्लिन्छन् । उक्त ग्रहको रात्रिकालीन तापक्रम १,००० डिग्रीले घट्छ । त्यसो हुँदा पग्लिएका धातुहरू सङ्घनित हुन्छन् र वर्षाका रूपमा तल खस्छन् ।

जिनिभा विश्वविद्यालयका डा. डाभिड एहर्नाइशका अनुसार त्यो विचित्रको स्थिति हो ।' पानीका थोपाको वर्षाको साटो फलामका थोपा बर्सिएको अनुमान गर्नुहोस्,' उनले बीबीसीलाई भने । स्विट्जरल्यान्डका ती अनुसन्धानकर्ता र उनका सहकर्मीहरूले गरेको अध्ययन नेचर जर्नलमा प्रकाशित भएको छ ।

उक्त शोधमा अनुसन्धानकर्ताहरूले युरोपियन सदर्न अब्जर्भेटरीको चिलेस्थित भेरी लार्ज टेलिस्कोपमा भएको 'एस्प्रेसो' नामक नयाँ उपकरण प्रयोग गरी कसरी व्यास्प-७६बीको रासायनिक प्रकृतिको विस्तृत अध्ययन गरियो त्यसको वर्णन गरेका छन् । हामीभन्दा ६४० प्रकाशवर्ष टाढा अवस्थित उक्त ग्रह आफ्नो माउताराको धेरै नजिकै छ । उक्त ग्रहलाई माउताराको परिक्रमा गर्न ४३ घण्टा लाग्छ ।

तारातिर सधैं उही भागमात्र देखिनु उक्त ग्रहको अर्को चाखलाग्दो विशेषता हो । वैज्ञानिकहरूले त्यस्तो स्थितिलाई 'टाईडल लकिङ' अर्थात् ज्वारबन्धनु भन्छन् ।

पृथ्वीको उपग्रह चन्द्रमा पनि त्यस्तै स्थितिमा हुन्छ । त्यसैले हामी सधैं चन्द्रमाको एकातिरको भाग मात्र देख्छौं । यसको अर्थ के हो भने व्यास्प ७६बी को तारोन्मुख भाग दनदनी बलिरहेको छ । त्यो गोलार्ध यति तातो छ कि त्यहाँ बादल विघटित हुन्छ र वायुमण्डलमा सबै अणुहरू टुक्रिएर परमाणुको रूपमा छरिन्छन् ।

एस्प्रेसो स्पेक्ट्रोमिटर प्रयोग गरेर वैज्ञानिकहरूले उक्त ग्रहमा साँभ्कपख फलामको बाफ निस्किएको प्रमाण फेला पारे। तर बिहानीपख फलामको कुनै सङ्केत बाँकी देखिएन ।

उक्त भीमकाय ग्रह हाम्रो सौर्यमण्डलको बृहस्पतिको चौडाइभन्दा दुईगुना ठूलो छ । यूकेको नेतृत्वमा सञ्चालित व्यास्प टेलिस्कोप प्रणालीको नाम प्रयोग गरेर उक्त ग्रहलाई व्यास्प ७६बी भनिएको हो ।